आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : खाडाचक्र नगरपालिका, कालिकोट , खाँडाचक्र नगरपालिका , कालिकोट

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	जसी प्रसाद चौलागाई	२०७८-८-१	२०७८-१२-२०
कार्यालय प्रमुख	खड्कप्रसाद उपाध्याय	२०७८-४-१	२०७८-७-३०
कार्यालय प्रमुख	देबेन्द्र प्रसाद श्रेष्ठ	२०७८-१२-२१	हाल सम्म कार्यरत
लेखा प्रमुख	धिर बहादुर शाही	२०७७-४-१	२०७९-३-३२
		बेरुजु रकम	१२२,२७०,१९८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३,९९,२६,२१८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४१,४८,७२,१६२	**चालु खर्च**	५०,०९,२६,९८०
प्रदेश सरकारबाट अनुदान	४,६१,१५,४९८	**पूँजीगत खर्च**	७,९३,१६,१७९
राजश्व बाँडफाँट	६,९५,२९,६९३	**वित्तीय/अन्य व्यवस्था**	१९,३२,२१,३४०.५
आन्तरिक आय	६६,०१,५९८		
अन्य आय	१९,२२,६०,८८४		
कुल आय	७२,९३,७९,८३५	**कुल खर्च**	७७,३४,६४,४९९.५
बाँकी मौज्दात		-४१,५८,४४६.५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपा उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, १३३।२९वर्ग किलोमिटर क्षेत्रफल तथा करिब २० हजार २८८ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण विधि** लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोवारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षण विधि अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा समय अभाव,स्रोत साधनको अपर्याप्तता लगायतको कारणले स्थलगत अवलोकन गर्न सकिएको छैन् । स्रेस्ता परीक्षणलाई मात्र लेखापरीक्षणको आधार मानिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निश्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०६।०५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार रहेका छन् ।	
३			**स्थानीय सञ्चितकोष** आर्थिक वर्ष २०७८।७९ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन माग गरिएकोमा सो अनुसारको सम्पूर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश हुन आएको नगरपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।	

आय तर्फ				व्यय तथा मौज्दात तर्फ			
सि.नं.	विवरण		रकम	सि.नं.	विवरण		रकम
1	**गत वर्षको जिम्मेवारी**		**३९९२६२१८।७०**	1	**चालु खर्च**		**५००९२६९८०।०९**
	क) नगद	०।००			आन्तरिक,समानीकरण, राजस्व वाडफाड	२७१७०२४४४।५०	
	ख) बैंक	३९९२६२१८।७०			विशेष अनुदान	१२४७६०८३।००	
					समपुरक अनुदान	0.00	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
								सशर्त अनुदान संघ	२१२३१५४५३।४०		
								सशर्त प्रदेश	४४३३०००।००		
			2	**राजश्व (आन्तरिक आय) राजश्व बाँडफाँड**		**७६१३१२९४।२०**					
				क) कर राजश्व	६६०१५९८।००		2	**पुँजीगत खर्च**		**७९३१६१७९।००**	
				ख) राजश्व बाँडफाँड	६९५२९६९३।२०			आन्तरिक,समानीकरण, राजस्व वाडफाड	०।००		
				ग) राजस्व वाडफाड प्रदेश	०।००			विशेष अनुदान	९६६६७८७।००		
								समपुरक अनुदान	३८७७४५३।००		
			3	**वित्तीय हस्तान्तरण (संघीय सरकार)**		**४१४८७२१६२।००**		सशर्त अनुदान संघ	३९०४०२५७।००		
				क) समानीकरण अनुदान	१२६००००००।००			सशर्त प्रदेश	२६७३१६८२।००		
				ख) सशर्त अनुदान	२६४२५२४००।००						
				ग) विशेष अनुदान	२२००००००।००						
				घ) समपुरक अनुदान	२६१९७६२।००		3	**वित्तीय व्यवस्था**		**१४०१८३७०।५०**	
								ऋण भुक्तानी	0.00		
			4	**वित्तीय हस्तान्तरण (प्रदेश सरकार)**		**४६११५४९८।००**		अनुदान फिर्ता संघ	१३४१५३७०।५०		
				क) समानीकरण अनुदान	१३९०२०००।००			अनुदान फिर्ता प्रदेश	६०३०००।००		
				ख) सशर्त अनुदान	३११६३५८५।००						

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
					ग) विशेष अनुदान	०।००		4	**लगानी**		**0.00**		
					घ) समपुरक अनुदान	१०४९९१३।००			ऋण लगानी	0.00			
									शेयर लगानी	0.00			
				5	**वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)**		0.00						
								5	**विभिन्न कोषको खर्च**		**२५७२४२८६।००**		
				6	**अन्तर सरकारी अख्तियारी**		**१५३४७८६८४।००**		प्रकोप व्यवस्थापन कोष	०।००			
					मुख्यमन्त्रि रोजगार कार्यक्रम	३८२९९२५७।००			विविध कोष युनिसेफ सडक वोर्ड जिसस कालिकोट	०।०० १९६२५२३६।०० ५६९९०५०।०० ४०००००।००			
					मूख्यमन्त्रि रोजगार प्रोत्साहन कार्यक्रम	०।००		6	**धरौटी फिर्ता/ सदरस्याहा**		०।००		
					३३६००१०२३ गरीवसँग विश्वेश्वर कार्यक्रम	४६४०००।००			फिर्ता	०।००			
					खाद्य सुरक्षा कार्यक्रम	२७००००००।००							
					प्रदेश पूर्वाधार कार्यक्रम	१११७८४३५।००		7	**अन्तर सरकारी अख्तियारी**		**१५३४७८६८४।००**		
					सामाजिक सुरक्षा कार्यक्रम	१००८३६९९२।००			अन्तर सरकारी अख्तियारी	१५३४७८६८४।००			
				7	**विभिन्न कोष तर्फको आय**		**३८७८२२००।००**	8	**मौज्दात**		**-४१५८२६६।६१**		
					धरौटी	१४५०००।००			**क) सञ्चित कोष**	१११५७९।००			
					विविध खर्च खाता	०।००			**ख) धरौटी**	१४५०००।००			
					युनिसेपको कोष	३२५३८१५०।००			**ग) विविध कोष**	६६९०००४।९४			
					प्रकोप व्यवस्थापन कोष	०।००			**घ) आन्तरिक अनुदान**	१४१२२०।००			

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सडक वोर्ड नेपाल
जिसस कालिकोट</td><td>५६९९०५०।००
४०००००।००</td><td></td><td></td><td>ङ) फिर्ता गर्ने रकम
च) प्रकोप व्षवस्थापन
छ) आन्तरिकराजस्व</td><td>-१४०१८३७०।५०
१०४६९१।००
२६६७४२८।९५</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७६९३०६०५३।९१</td><td colspan="3">जम्मा</td><td>७६९३०६०५३।९१</td></tr>
</table>
पालिकाले यस आर्थिक वर्षमा घाटा बजेट बनाएको कारणले संघिय तथा प्रदेश सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रकम भन्दा बैक मौज्दात न्युन भएकोले सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नभएको तर सो बराबर वित्तिय विवरणमा खर्च देखाउदाँ वित्तीय विवरणको मौज्दात ऋणात्मक देखिएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण विश्लेषणः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वित्तीय विवरणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी पालिकाले आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>सुत्रको बैक नगदी विवरण र एकिकृत वित्तीय विवरणको वैक नगदी विवरणमा भिन्नताः पालिकाको एकिकृत वित्तीय विवरण बमोजिम बैक मौज्दात बाकी जम्मा रु. ७०८६७६१३।४२ देखिन्छ भने स्रेस्तामा बैक बाकी जम्मा रु. ९८५९९२३।९९ देखिन्छ । पालिकाले सुत्र तथा वास्तविक वैक मौज्दात बिचको भिन्नतालाई हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.३			**बैक हिसाब मिलानः** नगरपालिकाको स्रेस्ता अनुसार सञ्चित कोष खातामा २०७९ असार मसान्तको मौज्दात रु.१११५७९।००, आन्तरिक अनुदान खातामा रु.१४१२२०।०० तथा आन्तरिक राजस्व खातामा रु.२६६७४२८।९५ प्रकोप व्यवस्थापन खातामा रु.१०४६९१।१० विविध कोष खातामा रु.६६९०००४।९४ तथा धरौटीमा रु.१४५०००।०० गरी जम्मा रु.९८५९९२३।९९ बाकी रहेकोमा बैक स्टेटमेन्ट बमोजिम आन्तरिक अनुदान खातामा रु.१४१२२०।०० सञ्चित कोष खातामा रु.४८०४३७४।४० विविध कोष खातामा रु.४७६५९०५।५० धरौटी खातामा रु.१०५४०७।०० तथा प्रकोप खातामा रु.१०४६९१।१० गरी जम्मा रु.९९२१५९७।९ बैक मौज्दात रहेको छ । यसरी बैक मौज्दातको रकम रु.६१६७४।९० फरक परेको सम्बन्धमा नगरपालिकाले हिसाबमिलान गर्नुपर्ने	६१,६७४
५			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार ऐन २०७४ को दफा ११२ अनुसार स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीका लागि आचारसंहिता बनाइ लागु गर्ने व्यवस्था भएकोमा आचारसहिता तयार गरेको छैन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि विभिन्न खाताहरुमा मौज्दात राखेको पाईयो । • पालिकाले पेश्की खाता, कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन ।यस वर्ष संचालित योजना तथा कार्यक्रम कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ मा कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता, पेश्की खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी सम्बन्धित नियकायमा दर्ता गरेको पाइएन ।यसाट समितिको निरन्तरता कायम नहुने र निर्मित संरचानाहरुको नियमित मर्मत संभारमा अपनतत्व समेत नरहने भएकोले ऐनको व्यावस्था पालना हुनु पर्दछ । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा भएको पाईएन। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगावै खर्च लेखा अद्यावधिक गरी भुक्तानी बन्द गर्नुपर्ने व्यवस्था भएकोमा यस कार्यालयले अन्तिम दिन सम्म पनि भुक्तानी दिएको पाइयो ।यस्ता कार्य बन्द गर्नु पर्दछ । • दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखि नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा समाहित भएका साबिकका गाउँ बिकास समितको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको पाइएन ।पालिकाले पेश्की तथा बेरुजु अभिलेख व्यवस्थित गर्नुपर्दछ । • कर्मचारीको कार्य विवरण वनाई लागु गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको देखिएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सन्तुलित बजेट बनाउनुपर्नेमा नगरपालिकाले घाटा बजेट बनाएको पाइयो । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
६			**बजेट पेश, पारित र अख्तियारी प्रदानः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री विजया विष्टले २०७८।३।१० मा रु ६८ करोड ५९ लाख ५ हजार ७४७ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । नगरपालिकाका प्रमुखले २०७८।३।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरेको भएतापनि प्रमुख प्रशासकीय अधिकृतले शाखा तथा वडा कार्यालयलाइ अख्तियारी प्रदान गरेको छैन ।	
७			**बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले राजस्व परामर्श समिति र बजेट सिमा निर्धारण समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमाः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बिच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ३ अनुसार प्रमुख प्रमुख प्रशासकिय अधिकृतले नगरपालिका कोषवाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार पहिलो चौमासिकमा १८।८७, दोश्रो चौमासिकमा २७।६२ प्रतिशत र तेश्रो चौमासिकमा ५३।५१ प्रतिशत रहेको छ ।तेश्रो चौमासिकको पनि असार महिनामा मात्र कुल खर्चको ३२।०५ प्रतिशत खर्च भएको छ । यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्च</td><td>४१३०२५४६४।३४</td><td>९३५७४५६१।८८</td><td>१०८०८१७७४।३०</td><td>२११३६९१२८।१६</td><td>१२६६१२१९३।०२</td></tr>
<tr><td>२</td><td>पूँजिगत</td><td>१८६८४२९३१।५८</td><td>१९६६३३४४।५८</td><td>५७६३१७८१।००</td><td>१०९५४७८०६।००</td><td>६५६२३१६१।००</td></tr>
<tr><td>३</td><td>जम्मा</td><td>५९९८६८३९५।९२</td><td>११३२३७९०६।४६</td><td>१६५७१३५५५।३०</td><td>३२०९१६९३४।१६</td><td>१९२२३५३५४।०२</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>८८।१८</td><td>१८।८७</td><td>२७।६२</td><td>५३।५१</td><td>३२।०५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत
जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२६३००००००।००</td><td>२५३९५७०५।००</td><td>४।२३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१८९२८००००।००</td><td>१५४८०४४६९।५८</td><td>२५।८१</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३३०३६०४७२।००</td><td>२९१९५८०९३।४४</td><td>४८।६७</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०।००</td><td>०।००</td><td></td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>२००००००००।००</td><td>१८७७५११४।००</td><td>३।१३</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>११९९६५२७४।००</td><td>१०८९३५०१३।९०</td><td>१८।१६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६८५९०५७४६।००</td><td>५९९८६८३९५।९२</td><td>१००।००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८।६७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा कम ३।१३ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**लक्ष्य प्रगति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा नगरपालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । <table><tr><th>कार्यक्रम</th><th>खर्च</th><th>प्रगति</th></tr><tr><td>३२६</td><td>**१८६८४२९३१।५८**</td><td>**८२।५५**</td></tr></table>	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**सेवाप्रवाहको स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २० वटा ऐन, स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	१६०
पञ्जिकरणतर्फ	
जन्मदर्ता	२०९७
मृत्युदर्ता	१२४
बसाईसराई दर्ता	१०६
विवाह दर्ता	१८५
सम्बन्धविच्छेद दर्ता	०
पूर्वाधार विकास सडक निर्माण	२५०

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन:
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>२०</td><td>७०</td><td>७५</td><td>७७</td><td>८४</td><td>३२६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ३२६ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १६५ वटा योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खर्च बिश्लेषण:
नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.६६ लाख ०१ हजार ९५३, गत वर्षको अ ल्या रु ३ करोड ९९ लाख २६ हजार २१९, अन्तर सरकारी अख्तियारीतर्फ रु. १५ करोड ३४ लाख ७८ हजार ६८४, राजस्व बाँडफाँड र अनुदानबाट रु. ५६ करोड ९१ लाख ५४ हजार १९८ समेत गरी रु ७६ करोड ९१ लाख ६१ हजार ५४ आम्दानी भएकोमा चालु तर्फ रु.५१ करोड ७४ लाख २६ हजार ४५६ र पूँजिगत तर्फ रु.२४ करोड २० लाख १९ हजार ६७४ समेत रु.७५ करोड ९४ लाख ४६ हजार १३० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८५ लाख ९१ हजार ८०१ खर्च भएको छ जुन आन्तरिक आयको १३०।१४ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२।५७ प्रतिशत चालु र ३३।९४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । साथै नगरपालिकाले प्राप्त अनुदानको १०६।५१ प्रतिशत खर्च गरेको छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना र नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले वार्षिक रु. १८ करोड ६८ लाख ४२ हजार ९३१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।पालिकाले बार्षिक खरिद योजना र गुरुयोजना बनाएको पाइएन ।यसबाट सार्वजनिक खरिद मितव्ययी नहुने, बस्तु तथा सेवा तोकिएको समयमै प्राप्त नहुने र योजना समयमै सम्पन्न नहुन सक्ने जोखिम रहने हुँदा नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
१६			**आन्तरिक लेखापरीक्षण:** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमिततता मितव्ययिता कार्यदक्षता र प्रभवकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गरेको छैन ।	
१७			**अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शिक्षामा अनुदान उपलव्ध गराएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति समेत तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । एकिकृत वित्तीय विवरण बमोजिम २०७९ असार मसान्तमा संघीय सरकार तथा प्रदेश सरकारतर्फ देहाय बमोजिम अनुदान खर्च नभई बाँकी रहेकोमा सो रकम हालसम्म पनि सम्बन्धित सञ्चितकोषमा फिर्ता नभएकोले फिर्ता गर्नुपर्ने रु	१४,०१८,३७०

अनुदान	कुल प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघ			
सशर्त	२६४२५२४००	२५१३५५७१०।५०	१२८९६६८९।५०
समपुरक	२६१९७६२	२१२४९९८।००	४९४७६४।००
विशेष चालु	१२५०००००।००	१२४७६०८३।००	२३९१७।००
विशेष पुजिगत	९५०००००।००	९५०००००।००	०।००
			१३४१५३७०।५०
प्रदेश शशर्त	५०३६०००।००	४४३३०००।००	६०३०००।००
कुल जम्मा			१४०१८३७०।५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कर्मचारी करारः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पद ३२ जना कर्मचारीहरु करारमा राखि रु. ६८ लाख ७७ हजार २०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ४ वडा सचिव, ६ सहायक करार नियुक्ति गरेको छ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति:
पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table><tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>११</td><td>११</td><td>७</td><td>४</td></tr></table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३४ वटा ऐन, १ वटा नियमावली, २० वटा कार्यविधि लगायत ५५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	
२३			**न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यो बर्ष ५ वटा उजुरी परेकोमा गत आ.बको १ सहित कुल ६ वटा उजुरी फछ्यौट भएको नगरपालिकाले जनाएको छ ।	
२४			**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२५			**सम्पत्ति हस्तान्तरण तथा अभिलेख:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन।यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा हस्तान्तरण भइ वा खरिद गरि प्राप्त मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**जिन्सी मालसामानको बरबुझारथ:** आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा ४४ (१) मा अवकास प्राप्त गर्दा वा लामो समय काजमा रहदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी म्याद तोकिएकोमा तोकीएको म्याद भित्र र म्याद नतोकीएकोमा एक्काइस दिन भित्र तोकीए बमोजिम बरबुझारथ गरी तोकीएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी सम्म तपशिलका मालसामान फिर्ता गरेको पाइएन । प्रचलित कानुनी व्यवस्था बमोजिम फिर्ता गर्नु गराउनु पर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ ।	

बुझिलिने पदाधिकारीको नाम	पद	विवरण	परिमाण	लिएको मिति
बिजया बिष्ट	पूर्ब उप मेयर	डेल ल्यापटप i5	२	२०७४।९।३ र २०७५।१०।२१
महाविर पाण्डे	पूर्व वडा अध्यक्ष	डेल ल्यापटप i5	१	२०७६।९।२९
धन सिंह कामी	पूर्व वडा अध्यक्ष	डेल ल्यापटप i5	१	२०७६।२।१९
		सोलारसेट	१	२०७६।२।१९
बिर्ख सिं बि क	पूर्व वडा अध्यक्ष	डेल ल्यापटप i5	१	२०७४।१०।१४
पुष्प गिरी	पूर्व वडा अध्यक्ष	डेल ल्यापटप i5	१	२०७४।९।११

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**जिन्सी निरिक्षण:** आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियमन ९९ (१) मा कार्यालय प्रमुखले बर्षमा कम्तिमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेकका कर्मचारीको नेतृत्वमा समिति गठन गरी गराइ तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिबेदन लिइ सोको कार्यन्वयन गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले जिन्सी निरिक्षण गराएको भएतापनि सोको प्रतिवेदन तोकिएको ढाँचामा पेश गरेको छैन । यसबाट पालीकाको जिन्सी सम्पत्तिको अवस्था यकीन गर्न सकिएन । तोकिएको ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ ।	
२८			**जिन्सी दाखिला :**	८६०,७६१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदयीत्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले देहाय अनुसारको सामाग्री खरिद गरेकोमा जिन्सी कितावमा आम्दानी बाँधेको देखिएन ।यसले खरिद गरिएका सामाग्री प्रयोगको अवस्था यकिन हुने अवस्था देखिदैन ।तसर्थ कार्यालयले दाखिला प्रतिवेदन गरि सोको प्रमाण पेश हुनुपर्ने रु	

गो भौ नं. मिति	**खरिद सामग्री**	**रकम**	**कैफियत**
९०१।२०७९।३।१८	३ वटा मूर्ति खरिद	६८०००।००	
५३९।२०७८।१२।७	सिलाइ मेसिन १० वटा	६८३६५।००	प्रमोद सिलाइ मेसिन इम्पोरियमबाट खरिद वडा नं ४ मा
	स्टयाण्ड १० वटा	२२६००।००	
	टेवल १० वटा	९०४०।००	
२२२।२०७८।९।६	वडा नं ४ ले खरिद गरेका मसलन्द	३००००।००	
२९३।२०७८।९।।२१	वडा नं ४ ले खरिद गरेका २।२ बल र जाली	११५५०।००	
१५९।२०७८।८।२९	बिबिध समाग्री खरिद (आर बि फेसन)	१६४२०।००	
४३।२०७९३।२५	डेल ल्यापटप i7	152550	
४३।२०७९३।२५	ल्यापप व्याग १ वटा	५०८५।००	
४३।२०७९३।२५	SSD 512 GB	10735.00	
४३।२०७९३।२५	हार्ड डिस्क १ टि बि	६८००।००	
४३।२०७९३।२५	डिस्प्ले एज पि	१३०००।००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				३३,२०७८।६।२२	स्पोर्टस सुज ६ थान, ल्यापटप मर्मत	३०९५०	राजन विजनेश सेन्टर र राधाकृष्ण इन्फोटेक		
				४७,२०७८।६।२४	अटो पार्टस	९८७०	कालिका अटो पार्टस		
				५४,२०७८।६।२४	विभिन्न फर्निचर	१९२०००	पंचमुल आधारभुत विद्यालय		
				९३।२०७८।७।१६	प्रिन्टर्स कार्टिज	२१३७९६	भण्डार दाखिला नभएको		
				जम्मा		८६०७६१			
२९			**जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदयीत्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले भौ नं १०१।२०७८।११।६ बाट दुधेशिला आ बि लाइ पर्निचर खरिदका लागि रु २०००००।०० भुक्तानी दिएकोमा फर्निचर खरिद गरी दाखिला गरेको प्रमाण संलग्न गरेको पाइएन । अत फर्निचर खरिदको बिजक र जिन्सी दाखिला प्रतिबेदन पेश हुनुपर्ने रु						२००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**नयाँ म.ले.प.फारामहरुको प्रयोगः** नेपालको संविधानको धारा २४१ ले नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा सङ्घीय कानुनबमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ ले लेखांकन गर्ने तथा प्रतिवेदन गर्ने प्रकृया लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ ले नेपाल सरकार, प्रदेश र स्थानीय तहले आय र व्ययको आवधिक विवरण महालेखा नियन्त्रक कार्यालयबाट पेश भै महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३१ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरेबमोजिम गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २३ मा कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । महालेखापरीक्षकबाट मिति २०७६/२/१९ मा नयाँ ढाँचाका सरकारी लेखा फारामहरु (म.ले.प. फाराम) स्वीकृत भएका छन् । नगरपालिकाले पुराना ढाँचाका फारामहरुको प्रयोग गर्दै आएकोमा नयाँ ढाँचाका लेखा फारामहरु प्रचलनमा ल्याउनु पर्दछ ।	
३१			**श्रोतको उपयोगमा मितव्ययीताः** शुसासन (व्यवस्थापन तथा सन्चालन) ऐन २०६४ तथा सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ मा सरकारी श्रोतको प्रयोग गर्दा मितव्ययी ढगबाट अधिकतम सदुपयोग हुने गरी गर्नुपर्ने साथै भ्रमण, तालीम, इन्धन तथा सवारी साधनको प्रयोगमा मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ।नगरपलिकाका बिभिन्न कर्मचारी तथा पदाधिकारीले यस बर्ष अनुगमन तथा भ्रमणमा रु ६१ लाख ८२ हजार ४८०, सवारी साधानकोभाडामा रु १२ लाख ४९ हजार १ सय, इन्धनमा रु २५ लाख, पत्रपत्रिका तथा छपाइमा रु २६ लाख ३९ हजार ८३२ खर्च लेखेको पाइयो । नगरपालिकाको कार्यक्षेत्रमा संचालित निर्माण तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन, जिल्ला सदरमुकाम र सुर्खेत लगायतका स्थानमा जाने गरेको पाइयो । यस्ता खर्चमा नियन्त्रण गरिनु पर्दछ ।	
३१.१			**भ्रमण अभिलेख तथा भ्रमणको प्रभावकारीताः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यालयले तोकिएको ढाँचमा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले आन्तरिक नियन्त्रण प्रणालीको बिकास गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष अनुगमन तथा भ्रमणमा रु ६१ लाख ८२ हजार ४८० खर्च गरेको पाइयो । पालिकाले भ्रमणमा खटिएका कतिपय कर्मचारीको भ्रमण अभिलेख, काम र भ्रमण गर्ने स्थान समेत भ्रमण आदेशमा उल्लेख गरेको पाइएन ।व्यवस्थित भ्रमण अभिलेखको अभावमा एउटै समयमा दोहोरो भ्रमण खर्च दाबि हुन सक्ने र एउटा कर्मचारीले अर्को कर्मचारीका नाममा समेत दैनिक भ्रमण भत्ता भुक्तानी लिन सक्ने जोखिम रहन्छ । आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१.२			**सवारी साधन भाडा:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (४) मा नगरपालिकाले स्थानीय यातायात रुट निर्धारण रुट अनुमति, खारेजि र भाडादर समेत निर्धारण गर्नसक्ने व्यवस्था छ। सार्वजनिक यातयात संचालन हुने राजमार्ग क्षेत्रका स्थानमा जान भाडाका सवारी साधन प्रयोग गरेको छ ।सार्वजनिक यातायात संचालन हुने राजमार्ग क्षेत्रमा जान समेत गाडी भाडामा लिइ भरपाइ गराइ भाडा भुक्तानी गरेको पाइयो। एउटै स्थानमा जान समेत फरक व्यक्तिले फरक फरक भाडा भुक्तानी गरेकोले पाइएकोले खर्चको वास्तबिकता यकीन गर्न सकिएन ।	
३२			**पदाधिकारी सुविधाः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ वमोजिम सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि यस ऐनवमोजिमको सुविधा पाउने व्यवस्था गरेको छ । जसअनुसार नगरपालिकाले पदाधिकारी सुविधामा ८८ लाख ७ हजार ८०१ खर्च लेखेको छ ।	
३३			**अवकाश कोष स्थापनाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ (१) मा स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धि कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित सुबिधा प्रदान गर्न एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले हाल सम्म अवकास कोषको व्यवस्था गरेको पाइएन । प्रचलित कानुनी व्यवस्था अनुसार कोष स्थापना गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ ।	
३४			**खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.६०९२८०७।०० खर्च गरेको छ । यस्ता अनुत्पादक खर्चमा कटौती गर्नु पर्दछ ।	
३५			**आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु.१००७३६६।०० अन्य सामाजिक सुरक्षा शिर्षकमा वितरण गरेको छ । यसरी अनुदानमा प्राप्त रकमलाई आर्थिक सहायताको रुपमा वितरण गर्ने कार्यमाथि नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**धरौटीतर्फः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु.१४५०००।०० अल्या गरेकोमा सोही रकमनै अल्या गरेको छ । कार्यालयले राख्नुपर्ने केन्द्रीय धरौटी खाता, व्यक्तिगत धरौटी खाता र नाम नामेसी विवरण समेत राख्ने नगरेबाट मौज्दात बाँकी रकम यकिन गर्न सकिने आधार देखिएन । अतः नियमानुसार राख्नुपर्ने खाता तथा विवरण राखी धरौटी अभिलेख अद्यावधिक गर्नुपर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।	
३७			**अवण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम पालिकाले आफ्नो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सम्पूर्ण आयोजनागत बजेट छुट्टाउनु पर्ने व्यवस्था छ । पालिकाले यस आव मा विभिन्न समपुरक साझेदारीमा रु.३ करोड ४२, पूर्वाधार सुधार तर्फ रु.५० लाख, अनुसन्धान तथा परामर्श मा रु.५० लाख रकम अवण्डा बजेट राखी टुक्रे आयोजनामा वितरण गरेको छ । यस्तो अवण्डा बजेट राख्ने प्रवृतिमाथि नियन्त्रण गर्नुपर्दछ ।	
३८			**कर दस्तुर एवं आन्तरिक आयः**	
३८.१			**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड ७२ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ६६ लाख ०१ हजार ५९८ अर्थात अनुमानको ३८।३८ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको दायरा बिस्तार गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८.२			**कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । **आय शीर्षक** / **अनुमान** / **असुली** / **असुली प्रतिशत** जम्मा आय / १७२०००००।०० / ६६०१५९८।०० / ३८।३८ पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारा बिस्तार गर्नु पर्दछ ।	
३८.३			**राजश्व दाखिलाः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २७(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । नगरपालिकाले ११ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरे नगरेको सम्बन्धमा एकिकृत विवरण तयार पारेको छैन । बिस्तृत बिबरणको अभावमा संकलन गरेको राजस्व समयमै दाखिला भएको एकीन गर्ने आधार छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८.४			**आन्तरिक आयः** नगरपालिकाले विभिन्न श्रोतको आम्दानी संकलन गर्दा यथासम्भव सफ्टवेयरको प्रयोग गरी बैङ्किंग प्रणाली मार्फत गर्नु पर्दछ । नगरपालिका अन्तर्गतका सबै वडाहरुमा उक्त सफ्टवेयर सुविधा उपलब्ध हुन नसकी म्यानुवल तवरबाट आय संकलन गर्नु पर्ने अवस्थामा नगदी रसिदको आम्दानी, खर्च र बाँकीको स्पष्ट अभिलेख देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रयोग भएका नगदी रसिदको दैनिक आम्दानीलाई दैनिक आम्दानी खातामा प्रविष्ट गरी सो को दैनिक जोड जम्मा देखाई, तोकिएको समय भित्रै नगद रकम बैँक दाखिला गरी आम्दानीको हिसाबलाई स्पष्ट र पारदर्शी बनाउनु पर्दछ । नगरपालिकाले छपाई गरेको नगदी रसिद जिन्सीमा आम्दानी नगर्नुको अतिरिक्त कुन कुन वडाहरुलाई के कती रसिद नम्वरका के कति थान नगदी रसिद प्रयोग गर्न दिएको हो सो समेतको स्पष्ट अभिलेख नराखेकोले नगरपालिका र वडाहरुले प्रयोग गरेको नगदी रसिदको हिसाब यकिन हुन सकेन। साथै नगरपालिकाले वितरण गरेका नगदी रसिदहरुको ठेली दोहोरो भएकोले नगरपालिकाले केकति मात्रामा नगदि रसदिको छपाई गरेको थियो कुन नम्बरको रसिद कहाँ वितरण गरियो साथै कुन रसिदबाट कति राजस्व संकलन तथा दाखिला भयो सोको विवरण यकिन गर्न सकिएन । जसले गर्दा आम्दानी र बैँक दाखिला गर्नुपर्ने रकमको यर्थाथ हिसाब यकिन हुन सकेन । तसर्थ नगरपालिकाले आन्तरिक आयको अभिलेखलाई थप व्यवस्थित बनाई सुधार गर्नुपर्दछ भने आन्तरिक आयको असुली तथा वैक दाखिलाको हिसाब यथार्थपरक र वास्तविक बनाउनुपर्दछ ।	
३९			**सामाजिक सुरक्षा:** नगरपालिकाले पालिकाले सामाजिक सुरक्षा वितरणको लागि प्रथम, दोश्रो, तेश्रो चौमासिकमा गरी विभिन्न बैकमा रु.१००८६२७८२।०० निकासा गरेकोमा रु.१००१११६७०।०० बैकबाट तथा रु.२२१८३६।०० गरी जम्मा रु.१००३३३५०६।०० वितरण गरेको देखाएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:	
३९.१			**लगत कट्टाको अभिलेख**: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभ ग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। **पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा नगरपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९.२			**दाखिलाको विवरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि 2075 को दफा 25 मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-13 बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। पालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न विभिन्न बैकलाई रु.१००८६२७८२।०० निकासा दिएकोमा सो आथिक वर्ष भित्रमा रु.१००११६७०।०० बैकमार्फत तथा रु.२२१८३६।०० भरपाई गरी वितरण गरेको प्रमाण कार्यालयमा पठाएको छ । बैकले रु.५२९२७६।०० निकासा प्राप्त गरेको तर वितरण गरेको प्रमाण पेश भएको छैन् । बैकले सो रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा प्रमाण पेश गर्नुपर्दछ अन्यथा संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने साथै पालिकाले भरपाई गरी सामाजिक सुरक्षा वितरण गरेकोमा कार्यविधिको व्यवस्था बमोजिम अनिवार्य बैकमार्फत वितरण गर्नुपर्दछ ।	५२९,२७६
३९.३			**सार्वजनिक सुनुवाई:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन। **अनुगमन तथा सुपरिवेक्षण**: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति नै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरि क्रियासिल हुनु पर्ने देखिन्छ।	
३९.४			**निष्कृय खाताको विवरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १२(च) बमोजिम एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा उक्त व्यक्तिको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। दफा १६(ग) मा लाभग्राहीले खाता निष्क्रिय भएपश्चात बैंकबाट रकम झिक्न नसक्ने उल्लेख छ। नगरपालिकाले बैक मार्फत सामाजिक सुरक्षा वितरण गरेको पहिलो वर्ष भएकोले यस्ता निष्क्रिय खाताको विवरण केकति छन भनि लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९.५			**सामाजिक सुरक्षा पेश्कीः** फरक क्षमता भएका व्यक्तिको लागि सामाजिक सुरक्षा वितरण गर्न कलम बहादुर शाहीलाई मिति २०७८।०९।३० जम्मा रु.१००७३६६।०० पेश्की दिएकोमा उक्त पेश्की भौचर नं २९०/२०७९।०३।२५ बाट फछ्यौट गरेकोमा विभिन्न १०६ लाभग्राहीलाई मेगा वैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको प्रमाण संलग्न गरेको छ । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। यसरी मेगा वैकले चौमासिक रुपमा निकासा प्राप्त गरेको रकमबाट सम्बन्धित लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको प्रमाण पेश गरेको हो वा कलम शाहीले पेश्की लिएको रकम सम्बन्धित वैक मार्फत लाभग्राहीको खातामा जम्मा भएको हो स्पष्ट गर्ने आधार तथा प्रमाण पेश भएको छैन् । सम्बन्धित लाभग्राहीलाई मेगा वैकले आफुले प्राप्त गरेको निकासाबाट रकम वितरण नगरी पेश्की वापत बुझेको रकम बाटनै भुक्तानी भएको प्रमाण पेश गर्नुपर्दछ अन्यथा पेश्की लिनेवाट असुल गर्नुपर्ने रु	१,००७,३६६
४०			**स्थायी लेखा नम्बरः** आयकर ऐन २०५८ को दफा २१ को घ१ मा कर्मचारी तथा कामदारको तलव र ज्याला भुक्तानी गर्दा अनियबार्य स्थायी लेखा नम्बर लिएका व्यक्तलाइ मात्र भुक्तानी गरी खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले कुल पारिश्रमिक वापत रु ७ करोड ६४ लाख ९४ हजार ३५० खर्च गरेकोमा अधिकांश कर्मचारीहरुले व्यक्तिगत स्थायी लेखा नम्बर नलिएको पाइयो ।पालिकाले कर्मचारी तथा पदाधिकारीले स्थायी लेखा नम्बर लिए पश्चात मात्र पारिश्रमिक भुक्तानी गर्ने र भुक्तानी तथा कर कट्टीको विवरण इ टिडिएस गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
४१			**पदाधिकारी दोहोरो सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले आफ्नो पालिकामा भएका कृयाकालापको अनुगमन गर्ने सहज होस भनेर स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची १ ले नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुलाई मासिक एकमुष्ठ रकम उपलब्ध गराइने व्यवस्था गरेको छ । नगरपालिकाका पदाधिकारीले जिल्ला भित्रको आन्तरिक भ्रमणको समेत अनुगमन भत्ता लिने गरेको पाइएकोले यस्ता सुविधाहरुमाथि नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**नगदमा कारोबारः** नेपाल राष्ट्र बैक ऐन, २०५८ मा कुनै पनि सार्वजनिक निकायले खरिद भएपश्चात सम्भव भएसम्म सो रकम भुक्तानी गर्दा सम्बन्धित व्यवसायीकै बैक खातामा जम्मा हुने गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट यस आर्थिक वर्षमा खरिद भएका मालसामन, मर्मत लगायत अन्य सेवाको आपूर्तिवापतको रकम भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ताको नाममा नगरी कर्मचारीको नाममा भुक्तानी गरेको छ । कार्यालयले यसरी नगदमा कारोवार गर्ने प्रवृतिमाथि नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरणहरु निम्न छन् ।	

गो भै नं र मिति	कर्मचारीको नाम	प्रयोजन	रकम
४,२०७८।११।०१	शान्तीकुमारी शाही	सुत्केरी पोषण कोषेली कार्यक्रम	७४०००
३३,२०७८।६।२२	कल्पनाकुमारी शाही	कुनै प्रयोजन नखुलेको	२०९८५५
११२,२०७८।७।१६	राजेन्द्र सेजुवाल	मेडिसिनल मालवस्तु खरिद	२९५०००
२६८,२०७८।९।१९	सुनिल कुमार विष्ट	सवारी मर्मत	१६९५०८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>
प्रयोजन नखुलाई पेश्कीः
आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा विवरण तथा प्रयोजन खुलाइ अधिकार प्राप्त अधिकारीले स्वीकृत गरे पश्चात मात्र पेश्की दिनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रम सञ्चालन तथा सामाग्री खरिदको लागि कर्मचारीहरुलाई पेश्की दिदाँ कुनै पनि प्रयोजन नखुलाई एकमुष्ठ रकम भुक्तानी गरेको छ । यसबाट पेश्की रकम उद्वेश्य, कार्यक्रम भन्दा फरक शिर्षक र कार्यमा समेत खर्च हुन सक्ने जोखिम रहन्छ । तसर्थ पालिकाले विस्तृत विवरण र प्रयोजन खुलाएर मात्र पेश्की दिनु पर्दछ । यसका केही उदाहरण हरु निम्न छन् ।
<table>
<tr><th>गो भै नं र मिति</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>८५,२०७८।७।१६</td><td>वडा अध्यक्ष महाविर पाण्डे</td><td>२४७३६०</td><td>कुनै प्रयोजन र विवरण पेश नभएको ।</td></tr>
<tr><td>८७,२०७८।७।१६</td><td>वडा सचिव एकराज रोकाया</td><td>४७९२००</td><td>विविध खर्च शिर्षक भनिए पनि स्पष्ट विवरण पेश नभएको ।</td></tr>
<tr><td>७३,२०७८।६।२५</td><td>अविराज शाही</td><td>१०००००</td><td>सामाजिक सहायता शिर्षक भएता पनि स्पष्ट विवरण पेश नभएको ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
पारिश्रमिक करकट्टीः
आयकर ऐन २०५८ को दफा ८७ बमोजिम ऐनको अनुसुचि १ बमोजिमको दरमा करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । देहायका कर्मचारीहरुले सो दरमा करकट्टी गर्नुपर्नेमा सामाजिक सुरक्षा कर तथा कम पारिश्रमिक करकट्टी गरेकोले सो कम भएको रकम दाखिला गरि प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स</th><th>कर्मचारीको नाम</th><th>जम्मा आय</th><th>कट्टी रकम</th><th>करयोग्य आय</th><th>लाग्ने कर रकम</th><th>कट्टी गरेको कर रकम</th><th>कम भएको कर रकम</th></tr>
<tr><td>१</td><td>देवेन्द्र प्रसाद श्रेष्ठ</td><td>९१८४५९</td><td>३४००००</td><td>५९३४५९</td><td>२३१९२</td><td>५९३५</td><td>१७२५७</td></tr>
<tr><td>२</td><td>जसी प्रसाद चौलागाई</td><td>९०१६८८</td><td>२९०८००</td><td>६२५८८८</td><td>२९६७८</td><td>६२५९</td><td>२३४१९</td></tr>
<tr><td>३</td><td>रविन्द्र सेजुवाल</td><td>८८३१७२</td><td>३४००००</td><td>५५८१७२</td><td>१६१३४</td><td>५५८२</td><td>१०५५३</td></tr>
<tr><td>४</td><td>रत्न बहादुर भण्डारी</td><td>८८९१८१</td><td>३४००००</td><td>५६४१८१</td><td>१७३३६</td><td>५६४२</td><td>११६९४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>२५३,६२९.८८२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
				५	प्रवल जंग शाही	८११२०६	३३९०१६	४८७११०	८२१९	४८७२	३३४७		
				६	मोहन महरा	८११२०६	३३९०१६	४८७११०	८२१९	४८७२	३३४७		
				७	पर्शुराम काफ्ले	७७९९२९	३३२९३२	४६१९९७	५७००	४६२०	१०८०		
				८	पूर्ण गिरी	७७९९२९	२७२९४०	५२१९८९	११६९९	५२२०	६४७९		
				९	सुमित भट्ट	७३९२४१	१४६८४८	६०७३९३	२५९७९	६०७४	१९९०५		
				१०	अविराज शाही	७३९२४१	२०६८४८	५४७३९३	१४२३९	५४७४	८७६५		
				११	मनिजर शाही	५९०९२५	१४३८२४	४६२१०१	५७१०	४६२१	१०८९		
				१२	धिर बहादुर शाही	६७४५३१	१४३८२४	५४५७०७	१४०७१	५४५७	८६१४		
				१३	जय बहादुर शाही	६७४५३१	१४३८२४	५४५७०७	१४०७१	५४५७	८६१४		
				१४	खडानन्द पाण्डे	६६०२२८	१४१४१२	५३३८१६	१२८८२	५३३८	७५४३		
				१५	रिताकुमारी पाण्डे	६३१६३४	१३६५७६	५१००५८	१०५०६	५१०१	५४०५		
				१६	प्रदिप बहादुर शाही	६१७३३१	१३४१६४	४९८१६७	९३१७	४९८२	४३३५		
				१७	नबराज बडुवाल	६१७३३१	१७०१६४	४६२१६७	५७१७	४६२२	१०९५		
				१८	रुपा भण्डारी	८८७४९२	१७११८४	७३१३०८	५०७६२	७३१३	४३४४९		
				१९	नया बहादुर विष्ट	७२७९६१	२०३८१२	५३९१४९	१३४१५	५३९१	८०२३		
				२०	विन्दा कुमारी शाही	७६३२३१	१४९८९६	६२८३३५	३०१६७	६२८३	२३८८४		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(तालिका तल)	

२१	नन्द बहादुर शाही	६३५९५४	१३६५७६	४९९३७८	९४३८	४९९४	४४४४
२२	महेश प्रसाद आचार्य	६६५२४५	१३८९८८	५२६२५७	१२१२६	५२६३	६८६३
२३	शान्ति कुमारी शाही	६३६६५१	१३४१६४	५०२४८७	९७४९	५०२५	४७२४
२४	मान बहादुर विष्ट	६७९५४८	१४१४१२	५३८१३६	१३३१४	५३८१	७९३२
२५	दमनराज शाही	५२३८७०	०	५२३८७०	११८८७	५२३९	६६४८
२६	भक्ति प्रसाद पाण्डे	६४५७७६	१३८८६८	५०६९०८	१०१९१	५०६९	५१२२
जम्मा							२५३६३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**पदाधिकारीको सुविधामा सामाजिक सुरक्षा करः** आयकर ऐन २०५८ को दफा ८७ मा प्राकृतिक वासिन्दा व्यक्तिले दम्पतिको हकमा चारलाख ५० हजार तथा एकल व्यक्तिको हकममा ४ लाख रुपैया सम्म वार्षिक आय भएमा अनुसुचि १ बमोजिम १ प्रतिशत सामाजिक सुरक्षा कर दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका पदाधिकारीहरुको सेवा सुविधामा उक्त कर कट्टी नगरेकोले सो रकम दाखिला गरी प्रमाण पेश हुनुपर्ने पुरानो पदाधिकरी	११८,५२७.३६

क्र.स	पदाधिकारीको नाम	सुविधा रकम	कर रकम	क्र.स	पदाधिकारीको नाम	सुविधा रकम	कर रकम	क्र.स	पदाधिकारीको नाम	सुविधा रकम	कर रकम
१	जसीप्रसाद पाण्डे	370933	3709	२१	लक्ष्मी शाही	131916	1319	४१	पद्मा नेपाली	81080	811
२	विजया विष्ट	340332	3403	२२	कमला शाही	76100	761	४२	पुत्रवहादुर मल्ल	81080	811
३	गणेशवहादुर शाही	238665	2387	२३	भरतवहादुर शाही	75883	759	४३	लालकौरा मल्ल	81080	811
४	विर्खसिंह विक	238665	2387	२४	मयसरा कामी	81080	811	४४	कुजि कामी	76100	761

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय												बेरुजु रकम
			५	महाविर पाण्डे	238665	2387	२५	देउसीगे कामी	81080	811	४५	कृष्णवहादुर मल्ल	75883	759	
			६	धनसीगे कामी	238665	2387	२६	खगेन्द्र खड्का	81080	811	४६	विष्णुप्रसाद चौलागाइ	75883	759	
			७	खडानन्द चैलागाइ	238665	2387	२७	वालिसरा विक	81080	811	४७	रत्न कली चौलागाइ	81080	811	
			८	जगदिश शाही	238665	2387	२८	शुशिला पाण्डे	76100	761	४८	सेले दमाइ	81080	811	
			९	रजवहादुर मल्ल	238665	2387	२९	नन्दप्रसाद पाण्डे	75883	759	४९	विरजित विष्ट	75883	759	
			१०	आदिचन्द्र चौलागाइ	221067	2211	३०	लाईसिंगे पाण्डे	81080	811	५०	तिलप्रसाद अधिकारी	81080	811	
			११	गोविन्दवहादुर मल्ल	221067	2211	३१	इन्द्रा शाही	81080	811	५१	जनकवहादुर शाही	75883	759	
			१२	दिलवहादुर शाही	221800	2218	३२	सरुनी दमाइ	76100	761	५२	कर्णसिंह चदारा	81080	811	
			१३	पुष्पराज गिरी	238665	2387	३३	प्रजापति आचार्य	75883	759	५३	केसरी शाही	81080	811	
			१४	धर्मराज टमटा	122717	1227	३४	जगे कामी	75883	759	५४	मैना दमाइ	81080	811	
			१५	लालविरे नेपाली	122717	1227	३५	पुनकलि कामी	76100	761	५५	निलो तिरुवा	75883	759	
			१६	रुपसिगे सार्की	131916	1319	३६	दुर्गवहादुर शाही	81080	811	५६	तिलवहादुर शाही	75883	759	
			१७	शरिता आचार्य	123100	1231	३७	गोर्ख कार्की	81080	811	५७	धिर्जाकला वम शाही	81080	811	
			१८	लाइसरा साही	131916	1319	३८	लड्ड दमाइ	81080	811	५८	माग्लि चदारा	81080	811	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१९	वुचे सुनार	131916	1319	३९	मानसिंह शाही	81080	811	जम्मा	**7235725**	**72357**
२०	कर्मकला विष्ट	131916	1319	४०	धनिप्रसाद भट्टराइ	81080	811			

नयाँ पदाधिकारी

क्र.स	पदाधिकारीको नाम	सुविधा रकम	कर रकम	क्र.स	पदाधिकारीको नाम	सुविधा रकम	कर रकम	क्र.स	पदाधिकारीको नाम	सुविधा रकम	कर रकम
१	कमलवहादुर शाही	370933	3709	२१	अविसरा अधिकारी	19550.00	195.50	४१	धुमली नेपाली	11050.00	110.50
२	गणेशवहादुर शाही	340332	3403	२२	धनजित शाही	3468.00	34.68	४२	डल्ली नेपाली	11050.00	110.50
३	धर्मराज टमटा	238665	2387	२३	भद्र कामी	11050.00	110.50	४३	हरीप्रसाद आचार्य	11050.00	110.50
४	कविन्द्रवहादुर शाही	238665	2387	२४	पंचकन्या उपाध्याय	11050.00	110.50	४४	विरेन्द्रवहादुर मल्ल	11050.00	110.50
५	दधिराम पाण्डे	238665	2387	२५	रेवती विक	11050.00	110.50	४५	लक्ष्मी मल्ल	11050.00	110.50
६	प्रभानन्द आचार्य	238665	2387	२६	धमानसिह विष्ट	11050.00	110.50	४६	दाना कामी	11050.00	110.50
७	देउराम कामी (विक)	238665	2387	२७	विरवहादुर शाही	11050.00	110.50	४७	पुर्णवहादुर मल्ल	11050.00	110.50
८	दिनेशवहादुर शाही	238665	2387	२८	पविताकुमारी वुढा (वराल)	11050.00	110.50	४८	गगनवहादुर मल्ल	11050.00	110.50
९	दिपकराज कार्की	238665	2387	२९	आईतु कामी	11050.00	110.50	४९	अधिकारी लोहार	11050.00	110.50
१०	नन्दवहादुर मल्ल	221067	2211	३०	दिपेन्द्र प्रसाद पाण्डे	11050.00	110.50	५०	धर्मराज मल्ल	11050.00	110.50

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय												बेरुजु रकम
			११	विरजीत विष्ट	221067	2211	३१	धन पाण्डे	11050.00	110.50	५१	राजवहादुर विष्ट	11050.00	110.50	
			१२	दिलवहादुर शाही	221800	2218	३२	मुगा दमाई	11050.00	110.50	५२	धना लोहार	11050.00	110.50	
			१३	देवराज भारती	238665	2387	३३	भक्त लुवार	11050.00	110.50	५३	सुरेन्द्रवहादुर शाही	11050.00	110.50	
			१४	विज पाण्डे	122717	1227	३४	सन्तोष विश्वकर्मा	11050.00	110.50	५४	विर्ख चदारा	11050.00	110.50	
			१५	रमेश वि.क.	122717	1227	३५	कल्पना आचार्य	11050.00	110.50	५५	पाईला शाही	11050.00	110.50	
			१६	खड्क कामी	131916	1319	३६	पुनकली कामी	11050.00	110.50	५६	सीमा दमाई	11050.00	110.50	
			१७	धनवहादुर गोराल	123100	1231	३७	विरेन्द्र चौलागाई	11050.00	110.50	५७	तुलराज शाही	11050.00	110.50	
			१८	हासु कार्की	131916	1319	३८	धनवहादुर शाही	3468.00	34.68	५८	स्रुेशवहादुर शाही	11050.00	110.50	
			१९	देवी दमाई	131916	1319	३९	दिलवहादुर नेपाली	11050.00	110.50	५९	वलकौरा शाही	11050.00	110.50	
			२०	गौरा सार्की	131916	1319	४०	महेन्द्रवहादुर शाही	11050.00	110.50	६०	लालपुरा दमाई	11050.00	110.50	
			जम्मा											46162	
			कुल जम्मा											118527	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**भ्रमण आदेश विना भ्रमण खर्च** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ मा भ्रमण आदेश स्वीकृत नगरि भ्रमण गर्ने नहुने तथा सोही नियमावलीको नियम १८ मा भ्रमण समाप्त भएपश्चात भ्रमण विल तथा प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाका देहायका पदाधिकारीहरुले भ्रमण आदेश नगरापलिका प्रमुखबाट स्वीकृत नगरेको पाइकोले सो भुक्तानी नियमसङ्गत नदेखिएको रु	६०,०००

भौचर नं	भ्रमण गर्ने पदाधिकारी	भ्रमण मिति	रकम
७३२/२०७९।०२।१६	गणेश बहादुर शाही	२०७९।०२।१३ देखी २०७९।०२।१९	२००००।००
८००/२०७९।२।२६	कविन्द्र बहादुर शाही	२०७९।०२।२६ देखी २०७९।०३।०३	२००००।००
८००/२०७९।२।२६	प्रभानन्द आचार्य	२०७९।०२।२६ देखी २०७९।०३।०५	२००००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**ल्यापटप खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक खरिदको विवरण तयार पार्नुपर्ने, दफा ५ मा लागत अनुमान तयार पारी स्वीकृत गर्नुपर्ने तथा नियमावलीको नियम ९ मा मालसामनको लागत अनुमान तयार पारी सोको आधारमा मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ८५ मा ५ लाख रुपैया सम्मको मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा २० लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ४ वटा ल्यापटप तथा अन्य मेशिनरी खरिद गरी भौचर नं ६८।२०७८।१०।१२ बाट सागर निर्माण सेवा एण्ड सप्लायर्स को विजक नं २० तथा १९ मि २०७८।०९।२० र १९ बाट खरिद गरी भुक्तानी गरेको जम्मा रु.८३०५५०।०० को लागत अनुमान, प्राविधिक स्पेसिफिकेशन तयार पारेको छैन भने सोझै खरिद गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ बमोजिम दाखिला समेत गरेको छैन् । यसरी ऐन तथा नियमावलीको व्यवस्था बमोजिम सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेकोले नियमित गर्नुपर्ने	८३०,५५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**परामर्श सेवाको खरिद:** पालिकाले यस आर्थिक वर्षमा परामर्श तथा खरिद शिर्षकमा जम्मा रु ४८५०९०६।०० खर्च गरेको छ । कार्यालयले विभिन्न परामर्शदाताको नियुक्त गरेर तथा केही आयोजनाहरु कार्यालयकै कर्मचारी मार्फत गराएको छ । यसरी परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम लागत अनुमान तयार गरी कार्यालका कर्मचारीहरुबाट हुन नसक्ने भएमामात्र परामर्शदाता नियुक्त गरी लागत अनुमानको आधारमा खरिद गर्नुपर्दछ । पालिकाले स्थानीय सतरका बिभिन्न सम्भाबित सडकहरुको सम्भाव्यता अध्ययन गर्दा कार्यालयकै कर्मचारीहरुबाट गराइ खर्च गरेको पाइयो । यसरी विभिन्न सडकको डिपिआर बिज्ञताको सुनिश्चितता नभएका कार्यालयकै कर्मचारीहरुमार्फत गराउँदा डिपिआरको गुणस्तर सुनिश्चित गर्न सकिदैन । जसको कारणले आयोजनाको विस्तृत परियोजना रिपोर्ट अवास्तविक भई आयोजना अलपत्र पर्ने हुदाँ विषय विज्ञता प्राप्त सुनिश्चित गरी प्रतिस्पर्धात्मक तरिकाबाट परामर्श सेवाको खरिद गर्नुपर्दछ ।	
४९			**विल भर्पाई** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्टयाइ हुने विल भर्पाई संलग्न हुनुपर्ने व्यवस्था छ।नमुना छनौटका आधारमा गरिएको परीक्षणमा पालिकाले भुक्तानी दिएको निम्न खर्च शिर्षकमा सो खर्च पुष्टि गर्ने कुनै विल भरपाई तथा प्रमाण पेश हुन नआएकाले पेश गर्नु पर्ने अन्यथा असुलउपर गरिनुपर्दछ ।	८८५,४१८

गो भै नं र मिति	भुक्तानी प्राप्त गर्ने व्यक्ति	विवरण	रकम
२४८।२०७८।९।१२	कलम बहादुर शाही	सवारी मर्मत	७९७९७।००
१७२।२०७८।९।१	वल्ड लिङक	इन्टरनेट सेवा प्रदायक सर्भिस अर्डर पेश गरेको ।	४१४६२१।००
२२०।२०७८।०९।०६	दर्व वहादुर शाही	पे .फ गर्दा कुनै कार्यक्रम उल्लेख गरेको पाइएन	१०००००।००
३५४।२०७८।१०।०२	कर्णाली सामुदायिक होम स्टे	कुनै पनि प्रमाण पेश नभएको	१०००००।००
५४९।२०७८।१२।०७	शिवलाल आर्चाय	नगरस्तरिय पाँचवर्षिय वृहत पुस्तक छपाई कार्य विल भरपाई पेश नभएको	८४०००।००
५५६।२०७८।१२।०८	बल्जित शाही	खापर मष्टा पर्खाल निर्माण गरेको प्रमाण पेश नभएको	१०७०००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**सहभागि भत्ता** अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ मा प्रशिषण कार्यक्रममा सहभागिलाइ खाजा रु २००।०० र स्टेसनरी वापत रु ५०।०० का दरले उपलव्ध गराउने व्यवस्था छ । कार्यालयले वडा नं ४ मा संचालित सिलाइ प्रशिक्षण कार्यक्रममा खाजा खानाका अतिरिक्त प्रति सहभागि रु ३०००।०० का दरले ११ जनालाई ३ महिनाको भत्ता भौ नं ५३९।२०७८।१२।७ बाट रु ९९०००।०० बुझाएको भरपाइ पेश गरेको पाइयो । अत सो रकम भुक्तानी दिने पुष्टयाइ सहितको आधार पेश गर्ने अन्याथा असुल हुनुपर्ने रु	९९,०००
५१			**प्रमाण पेशः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको बिल भरपाइ संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले मसलन्द शिर्षकमा बिनियोजन भएको रकम वडा नं ४ मा स्थानीयलाई कार्यालयबाट प्रदान गरिने सेवा प्रदान गरेको भनी निबेदनका आधारमा प्रेम बि क लाइ रु ३६०००।०० भुक्तनी दिएको पाइयो । सम्झौता तथा काम गरेको पुष्टयाइ हुने प्रयाप्त प्रमाण पेश भएको पाइएन । अत सेवाका शर्त खुल्ने सम्झौता तथा दैनिक प्रमाणित हाजिरी पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	३६,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**शिर्षक फरक पारि खर्च:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३८(२) अनुसार अधिकारप्राप्त अधिकारीले स्विकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न वाँकि रहेको कुरा यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एउटा शिर्षकमा विनियोजन भएको वजेट अर्को शिर्षकमा खर्च गरेको पाइएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु	५३०,९३४

गौ भौ नं ।मिति	स्विकृत कार्यक्रम	खर्च भएको कार्यक्रम	रकम
२६१।२०७९।३।२४	बाली बिकास कार्यक्रम	पारश्रमिक	१८८६७५।००
३७१।२०७८।१०।२५	बिबिध	इन्धन खरिद	४१८५०।००
३८२।२०७८।१०।२६	ढुवानी भाडा	इन्धन खरिद	२४०००।००
३।२०७८।९।२९	कार्यालय समाग्री	ज्याला	३६०००।००
३७१।२०७८।१०।२५	विविध	चंख बहादुर शाहीले सुपर स्टोर्स पेट्रोल पम्म बाट इन्धन खरिद गरेको	४१८५०
३७७।२०७८।१०।२५	सरुवा भ्रमण खर्च	सुजन बहादुर शाहीलाई अनुगमन तथा मुल्याङ्कन बाट भक्तानी	५००००
३८२।२०७८।१०।२६	दुवानी भाडा	इन्धन खर्च	२४०००
७४१।२०७९।२।२७	अनुगमन भ्रमण खर्च	गाडी भाडा चौलागाँई निर्माण सेवा	४३५००
७७९।२०७९।२।२८	प्रकोप व्यवस्थापन	स्टेशनरी सामग्री -मिलन जनरल स्टोर्स	८१०७९
जम्मा			५३०९३४।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**कोभिड १९ बाट अति विपन्नको लागि राहत वितरण:** कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारको लागि नगद हस्तारण कार्यविधि २०७८ बमोजिम नगरपालिकाले यस आ.ब मा विभिन्न ४१६ जनालाई जनही रु.१० हजारका दरले जम्मा रु.४१६००००।०० वितरण गरेको छ । यस सम्बन्धी थप व्यहोरा निम्मानुसार रहेका छन् । : **लाभग्राही छनोट र राहत वितरणः** उक्त कार्यविधिको दफा ३ मा लाभग्राही छनौट गर्ने आधार निर्धारण गरेको छ भने दफा ४ ले यदि कुनै परिवारको सदस्य संगठित/असंगठित क्षेत्रमा रोजगार गरिरहेको अवस्थामा, परिवारको कुनै एक सदस्यले कुनै पनि किसिमको सामाजिक सुरक्षाभत्ता प्राप्त गरिरहेको, पैत्रिक आयवाट तत्कालको आवश्यकता पुरा हुने अवस्था रहेको तथा प्रधानमन्त्री रोजगारीमा सहभागी भएको व्यक्तिले उक्त राहत नपाउने व्यवस्था छ । पालिकाले ४१६ जनालाई राहत वितरण गरेको नमुना छनोटको आधारमा निवेदन परीक्षण गर्दा लाभग्राहीले अनुसुचि १ को ढाँचामा भर्नुपर्ने निवेदनका सम्पूर्ण कुराहरु स्वघोषणा गरेका छैनन् भने कुन आधार तथा मापदण्डको आधारमा उक्त सुविधा प्राप्त गर्ने हो सो समेत खुलाइएको छैन् । मापदण्डको दफा ६ को उपदफा ३ मा प्रशासकिय अधिकृतले रित पुगेका निवेदन छनोट गरी दावि विरोधका लागि सुचना जारी गर्नुपर्नेमा सो समेत नगरी निवेदनमा पूरा विवरण नभरेका तथा स्वघोषणा विना नगद हस्तातरण गरेको पाइयो । यसरी मापदण्डले स्पष्ट तोकेको अवस्थामा कुन आधार, मापदण्ड तथा दायराबाट सुविधा प्राप्त गर्ने हो सो समेत नखुलाई प्राप्त निवेदनकै आधारमा रकम वितरण गर्दा मापदण्ड विपरित भएकोले सो बितरण गर्नको आधार र पुष्ट्याइ सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	४,१६०,०००
५४			**खरको छानोमुक्त कार्यक्रम :** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि २०७५ को बुँदा नं ३ मा लक्षित बर्गको पहिचान गर्नुपर्ने, बुँदा नं ४ मा अनुसुची १ बमोजिमको अंक प्रदान गरी बढी अंक प्राप्त गर्नेलाइ लाभग्रीको रुपमा छनौट गर्नुपर्ने, बुँदा नं ५ मा लाभग्राहीलाइ बैक खाता खोलि कार्य प्रगितका आधारमा दुइ किस्तामा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित प्रकृया पुरा नगरी भौ नं ३।२०७८।९।१६ र ४।२०७८।।२० बाट एकमुष्ठ रु ५००००।०० का दरले १२८ जनालाइ रु ६४०००००।०० भुक्तानी दिएको पाइयो । यसरी प्रचलित कार्यबिधिको प्रकृया पुरा नगरी भुक्तानी गरिएकोले वास्तबिक पक्षले प्राप्त गरे नगरेको यकीन गर्न सकिएन ।अत: सोको उपयोगको अवस्था यकीन हुने गरी प्राबिधक मुल्यांकन गरी कार्यबिधिको प्रकृया पुरा भएको सुनिश्चत हुनुपर्ने रु	६,४००,०००
५५			**जलबायू परिवर्तन अनुकुलन आयोजनाः** जलबायु परिवर्तन अनुकुलन आयोजनाको लागि यस नगरपालिकालाई जम्मा रु.१७१००००००।०० अनुदान प्राप्त भएकोमा पालिकाले सोबाट जम्मा रु.१५९४६०८६।०० खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् ।	
५५.१			**कर्मचारी मार्फत विभिन्न कृषि सामाग्री खरिदमा कानूनको पालनाः** नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ बमोजिम यस सहयोग कार्यक्रमबाट सञ्चालन गरिने आयोजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको पक्रिया अपनाई उपभोक्ता समिति वा सेवा प्रदायक संस्थावाट अनुकुलन कार्यक्रम	१,५२४,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यान्वयन गर्नुपर्ने एवं स्थानीय दररेटलाई आधार मानेर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कार्यालयका कर्मचारी गगन टमाटालाई भौचर नं ३२/२०७८।०९।२६ मा भेरी सिचाई कुलो योजना वडा नं ९, ठुलीकुलो सिचाई योजना र आयआर्जन कार्यक्रम वडा नं ८ र १० को वजेटबाट रु.५८७३३४ का दरले जम्मा रु.१७६२००२।०० भुक्तानी दिएकोमा देहायका फर्महरुबाट आलुको विरुवा तथा कृषि औजार, मल खरिद गरी वितरण गरेको भरपाई संलग्न गरेको छ । सार्वजनिक खरिद ऐन २०६३ को नियम ५ मा रु एकलाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एउटा फर्मबाट जम्मा रु ५ लाख सम्मको समान सोझै खरिद गर्न सकिने तथा खरिदलाई टुक्रा पार्न नहुने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति तथा सेवा प्रदायकबाट गराउनुपर्ने काम कर्मचारीबाट गराएको, कामको लागत अनुमान तयार नपारेको साथै सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने समान सिधै खरिद गरेको तथा जलवायु अकुलन सहयोग कार्यक्रमबाट स्थानीय कृषि विउ तथा सामाग्री खरिद गरी वितरण गरेको उक्त कार्यविधि विपरित देखिएको रु.	

आपूर्तिकर्ताको नाम	विजक नं/ मिति	खरिद गरेको समानको विवरण	रकम
नेपाल कृषि विकास फर्म प्रा.लि.	१४/२०७८।१०।१८	आलु ६५०० के.जी	५२००००।००
नेपाल कृषि विकास फर्म प्रा.लि.	१७/२०७८।१०।११	आलु खुमल सेतो ६५०० केजी	५२००००।००
नेपाल कृषि विकास फर्म प्रा.लि.	१६/२०७८।१०।०८	कोदालो,कुटो	४८७५०।००
नेपाल कृषि विकास फर्म प्रा.लि.	२२/२०७८।१०।११	जिकं सल्फेट	१३०००।००
नेपाल कृषि विकास फर्म प्रा.लि.	१९/२०७८।१०।११	पावर ट्रिलर ३ वटँ	२१००००।००
नेपाल कृषि विकास फर्म प्रा.लि.	१५/२०७८।१०।०८	ड्रम ७५ पिस	५२४९९।२३
नेपाल कृषि विकास फर्म प्रा.लि.	२०/२०७८।१०।११	पावर स्प्रे ४५ पिस	१०७९९०।००
मिलन एग्रोभेट सेन्टर	३९४/२०७८।१०।१३	आलु २०० केजी	१६०००।००
प्रकाश शाही		सामाग्री भण्डार भाडा १ महिना	१५०००।००
विभिन्न ७ व्यक्ति		सामाग्री ढुवानी भाडा	७०००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				विभिन्न ७ व्यक्ति		लोड अनलोड तथा ढुवानी	१३७६०।००		
				जम्मा			१५२४०००।००		
५५.२			**सिचाई आयोजना निर्माण सामाग्री खरिदमा कानुन पालनाः** नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम कार्यक्रम कार्यान्वियन कार्यविधि २०७८ बमोजिम यस सहयोग कार्यक्रमबाट सञ्चालन गरिने आयोजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको पक्रिया अपनाई उपभोक्ता समिति वा सेवा प्रदायक संस्थावाट अनुकुलन कार्यक्रम कार्यान्वियन गर्नुपर्ने एवं स्थानीय दररेटलाई आधार मानेर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को नियम ५ मा रु एकलाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एउटा फर्मबाट जम्मा रु ५ लाख सम्मको समान सोझै खरिद गर्न सकिने तथा खरिदलाई टुक्रा पार्न नहुने व्यवस्था छ । साथै सोभन्दा बढीको रकम सिलबन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको सिचाई आयोजना कार्यन्वयनको लागि उपभोक्ता समितिमार्फत निर्माण कार्यको सम्झौता गरेकोमा मालसामान खरिद सिलवन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट गर्नुपर्नेमा सोझै खरिद गरेको नियमित गर्नुपर्ने रु						५,००७,४५६.११

भौचर नं/मिति	आयोजनाको नाम	आपूर्तिकर्ताको नाम	विजक नं/मिति	समानको नाम	रकम
२३०/७९।३।२३	ठुलिकुलो निर्माण योजना वडा नं १०	प्रज्वल स्टोर्स एण्ड अर्डर सप्लायर्स	६२/७९।०३।१८	निर्माण सामाग्री	१९५५०९०।००
		ढुंगाना ट्रेडर्स एण्ड अर्डर सप्लायर्स	६१/७९।३।१८	विविध सामाग्री	३१६७५।०३
जम्मा					१९८६७६५।००
२०७९।०३।२४	ठुलिकुलो निर्माण योजना वडा नं ८	पञ्चकोशी अर्डर एण्ड सप्लायर्स	३२/७९।३।१५	निर्माण सामाग्री	३०२०६९१।११

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**लघु उद्यम विकास कार्यक्रमः** लघु उद्यम कार्यक्रमको लागि अविराज शाहीलाई मिति २०७८।०८।१६ तथा २०७८।०८।२१ मा जम्मा रु.१९०००००।०० पेश्की दिएकोमा उक्त पेश्की भौचर नं २८९/ २०७९।०३।२१ बाट फछ्यौट भएकोमा देखिएका व्यहोराहरु निम्न छन् : **कर्मचारीलाई मार्फत उद्यम सञ्चालनः** गरिवि निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका २०७७ को परिच्छेद ३ मा यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको लागि सेवा प्रदायक संस्था मार्फत सम्झौता गरी कार्य सम्पन्न गर्न सकिने व्यवस्था छ । त्यस्तै अनुसुचि ३ मा यस कार्यविधि बमोजिमको रकम खर्च गर्ने क्षेत्र तथा मापदण्ड सम्बन्धी व्यवस्था छ । पालिकाले नयाँ उद्यम सृजना तथा स्तरउन्नति कार्यक्रम अन्तर्गत सेवा प्रदायक संस्था सँग सम्झौता गरी आफैले सञ्चालन गरेको देखियो । साथै उद्यमशिलता विकास तालिम तथा प्राविधिक सिप विकास तालिमको लागि कुल बजेटको जम्मा ५३ प्रतिशत सम्म खर्च गर्न सक्ने व्यवस्था उक्त अनुसुचिमा रहेको छ । तर पालिकाले सम्पूर्ण रकम नै तालिमको लागि खर्च गरेको उक्त मापदण्ड विपरित देखिएको रु	८९३,०००
५७			**आयआर्जन मूलक कार्यक्रमः** नगरपालिकाले स्व आर्जन एवं जिविकोपार्जन कार्यक्रम सञ्चालन कार्यविधि २०७८ माफर्त नगरवासीहरुको आयआर्जन सृजना गर्ने उद्देश्यले सेवा प्रदायक संस्थामार्फत प्राविधिक सिप विकास तालिम मा रु.१२४७६०८३।०० खर्च गरेको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ तथा नियमावलीको नियम १३ मा अन्य सेवाको लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । साथै नियम ८५ मा एक आर्थिक वर्षमा ५ लाख रुपैया सम्म लागत अनुमान भएको अन्य सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यसरी खरिद गर्दा पटक पटक गरी सो सिमा नाघ्न नहुने तथा खरिदलाई टुक्रा गर्न नसिकने व्यवस्था छ।पालिकाले यस कार्यक्रमको अन्तर्गत प्रदिप टेलरिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टर, नोवेल इन्सिच्युट अफ टेक्नोलोजी, इलाइट इन्फास्टक्चर एण्ड डेभलप्मेन्ट लगायत विभिन्न ८ सेवा प्रदायक मार्फत जम्मा रु.१२४७६०८३।०० को अन्य सेवा खुल्ला बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा टुक्रा पारी सोझै खरिद गरेको नियमित गर्नुपर्ने रु.	१२,४७६,०८३
५८			**पकेट विकास कार्यक्रमः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा स्थानीय तहले सूचना प्रकाशन गर्नुपर्ने, तथा उक्त क्षेत्रका लक्षित समुह तथा वर्ग तथा समुहले अनुसुचि १० को ढाँचामा आवेदन पेश गर्ने तथा स्थानीय तहले प्राविधिक समिति गठन गरी उक्त आवेदन माथि मूल्याङ्कन गरी प्राथामिकरणको आधारमा पकेट क्षेत्र लक्षित समुह छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पकेट क्षेत्रको सञ्चालन तथा निरन्तरताको कार्यक्रम सञ्चालन गरेको भएतापनि कुनै पनि सूचना एवं आवेदन तथा मूल्याङ्कन समेत नगरी खडाचक्र भित्रका विभिन्न स्थानहरुमा पकेट सञ्चालनको लागि व्यवसायिक फर्मबाट विउ तथा सामाग्री खरिद गरी सिधै व्यवसायिक फर्मलाई भुक्तानी दिएको साथै एउटा मात्र फर्मसँग सम्झौता गरी रकम भुक्तानी गरेको छ । यसरी म्यानुअलले स्पष्ट गरेको छनौट प्रकृया र विधि बमोजिम पकेट क्षेत्रको पहिचान र अनुदान वितरण गर्ने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>पकेट कार्यक्रमको सामाग्री खरिद र लागत सहभागिताः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिमको पकेट कार्यको लागि गरिने खरिद कार्यहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम एक आर्थिक वर्षमा ५ लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा अन्य सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम (१क) मा एक आर्थिक वर्षमा एउटै फर्मवाट एकै पटक वा पटकपटक गरी सो सिमाभन्दा बढी रकमको सोझै खरिद गर्न नसिकने व्यवस्था छ । पालिकाले विभिन्न क्षेत्रहरुको पकेट सञ्चालनको लागि सामाग्री खरिद गरी वितरण गरेको पाइयो । यसरी म्यानुअलले तोकेको अवस्थामा कार्यालय आफैले कर्मचारी मार्फत सामाग्री खरिद गरी वितरण गर्दा लागत सहभागिता शुन्य भयो । त्यस्तै परियोजना म्यानुअल बमोजिमको क्षेत्रफल तथा संख्या भए नभएको यकिन समेत हुन सकेन । खरिद गरेका मालसमानको लागत अनुमान तथा स्पेशिफिकेशन विनानै सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया समेत अवलम्बन नगरी सोझै खरिद गरेको रकम नियमित गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>भुक्तानी पाउनेको कर्मचारी</th><th>जम्मा रकम भुक्तानी</th><th>खरिद फर्म</th><th>खरिद विवरण</th><th>विजक नं र मिति</th><th>रकम</th></tr>
<tr><td>१७२/२०७९।०३।०८</td><td>पूर्ण गिरी पेश्की फछ्यौट सहित रकम भुक्तानी</td><td>१४८४०००।००</td><td>सुर्खेत एग्रीकल्चर फर्म प्रालि</td><td>वोका तथा बाख्रा ढुवानी फुटकर र विमा सहित</td><td>०६,०७/२०७९।०१।१०</td><td>१४४६०००।००</td></tr>
<tr><td>२४०/२०७९।०३।२३</td><td>हिक्मत गिरी पेश्की फछ्यौट सहित</td><td>७०००००।००</td><td colspan="3">विभिन्न, लागत सहभागिता नभएको ।</td><td>७०००००।००</td></tr>
</table>
</td><td>२,१४६,०००</td></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>पकेट कार्यक्रमको लागत अनुमान र अनुदान हस्तारणः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री (कृषि विउ विजन, वेर्ना, माछा, भुरा लगायत नश्ल सुधार) कार्यमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध हुने व्यवस्था छ भने कुल लागत अनुमानको ५० प्रतिशत हिस्सा सम्बन्धित स्थानीय फर्म तथा संस्थाले व्यहोर्नुपर्ने व्यवस्था रहेको छ यसको लागि गरिने खरिद कार्यहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले खरिद गर्ने मालसामान तथा निर्माण कार्यको विस्तृत विवरण, नक्सा तथा डिजाइन सहित लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान अनुसुचि १ बमोजिमको ढाँचामा तयार पार्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका पकेट कार्यक्रमको लागत अनुमान तयार पार्दा कुनै वैज्ञानिक आधार नलिइ चलनचल्तीको मूल्यलाई आधार मानेको छ भने पकेट</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अन्तर्गत विरुवा तथा विउ रोप्नको लागि खाडल खन्ने कार्यको विस्तृत विवरण र नापजाँच विनानै अनुदान रकम बराबर हुने गरी जनश्रमदानको अशं समावेश गरी लागत सहभागिता ५० प्रतिशत पुर्याएको छ । कार्यालयको अनुदानमा विरुवा तथा विउ खरिद एवं अन्य व्यवस्थापकिय र प्रशासनिक खर्च समावेश भएको अवस्थामा समेत विरुवा खरिद गरेको मूल्य भन्दा खाडल खन्न बढी समय तथालागत लाग्ने भनि लागत अनुमान तयार गरको छ । यसरी पालिकाले विस्तृत विवरण, दर विश्लेषण तथा माटो काटिएको आधिकारिक कार्यसम्पन्न प्रतिवेदन वेगर अनुदान बराबरनै माटो खन्ने काम गरेको भनि लागत सहभागिता देखाएकोले उपभोक्ता समितिको वास्तविक लागत सहभागिता भए नभएको यकिन गर्न सकिएन ।	

भौचर नं	सहकारी संस्था	कार्यालयको अनुदान(जम्मा विरुवा खरिद र अन्य कार्य)	खाडल खनेको अशं
९२/२०७८।१२।१६	लालिगुरास ताजा तरकारी उत्पादन समुह	४१९४६०।००	५००८००।००
९२/२०७८।१२।१६	हरियाली फलफुल तथा तरकारी उत्पादन समुह	४१९६००।००	४७३६००।००
९२/२०७८।१२।१६	जौलाकिम कृषक समुह	४१९३२०।००	५००३२०।००
९२/२०७८।१२।१६	देबलगाडा महिला कृषि समुह	४२६१२०।००	५००३००।००
९३/२०७८।१२।१६	लक्की फलफुल कृषक समुह	३८६४७०।००	३८५०००।००
९३/२०७८।१२।१६	लिङ्गैरौनी फलफुल तथा तरकारी कृषक समुह	३७२५००।००	३८५१०५।००
९३/२०७८।१२।१६	स्याउ पकेट विकास कार्यक्रम	३४२७७५।००	४१४८३०।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८.३			**पकेट कार्यक्रमको रकमबाट सहकारी संस्थाको प्रतिनिधिलाई अनुगमन भत्ताः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम नगरपालिकाको अनुदानमा सञ्चालन गरिने पकेट कार्यक्रमको लागि यस म्यानुअल बमोजिम तोकिएका सेवा मात्र उपलब्ध हुने व्यवस्था छ । यस परियोजना बमोजिम पकेटको अनुगमन गर्ने जिम्मेवारी पालिकाको हुने व्यवस्था छ । तर पालिकाले देहायका पकेट कार्यक्रम सञ्चालनको अनुगमन गरेको भनि लागत अनुमानमै समावेश गरेर सहकारीसंस्था सँग सम्बन्धित व्यक्तिलाई अनुगमन भत्ता दिएकोले सो रकम असुल गर्नुपर्ने रु	१४७,५००

भौचर नं/मिति	सहकारी संस्था	अनुगमन गर्ने पदाधिकारी	रकम	कैफियत
८५/२०७८।१२।०८	मष्टधलापुरा कृषि सहकारी संस्था लि	सहकारी पदाधिकारी	३१२००।००	विभिन्न कार्यक्रममा खाजा नास्ता समेत ।
८६/२०७८।१२।०८	लालिगुरास कृषि सहकारी संस्था	सहकारी पदाधिकारी	२३९००।००	
	हरियाली तरकारी फलफुल कृषक समुह	सहकारी पदाधिकारी	२२४००।००	
	नमुना बहुउद्वेश्यीय सहकारी संस्था	सहकारी पदाधिकारी	२००००।००	व्यवस्थापन समेत
	दिदिबहिनि सहकारी संस्था	सहकारी पदाधिकारी	३००००।००	तालिम र व्यवस्थापन समेत
	प्रगतिशिल सहकारी संस्था	सहकारी पदाधिकारी	२००००।००	व्यवस्थापन समेत
जम्मा			१४७५००।००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८.४			**प्रमाणवेगर भुक्तानीः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम नगरपालिकाको अनुदानमा सञ्चालन गरिने पकेट कार्यक्रमको लागि यस म्यानुअल बमोजिम तोकिएका सेवा मात्र उपलब्ध हुने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी कारोवार गर्दा सोको विल भौचर तथा भरपाई संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचर बाट पकेट सञ्चालनको लागि विभिन्न फर्महरुलाई अनुदान दिएको रकममा मा निम्न कर्मचारीहरुलाई समेत भुक्तानी दिएको छ । पकेट कार्यक्रमको अनुगमन गर्ने दायित्व स्थानिय तहको हुने र सो कार्य पकेट सञ्चालन भई सकेपश्चात मात्र गर्नुपर्ने व्यवस्था छ । फर्मलाई पकेट सञ्चालनको लागत अनुमानमै समावेश गरी व्यवस्थापन खर्च दिइसकेपश्चात थप पुन कर्मचारीहरुलाई कुनै पनि प्रमाण, तथा कागजात विना भुक्तानी दिएकोले सोको प्रमाण पेश गर्नुपर्दछ अन्यथा असुल गर्नुपर्ने	३८१,७५०

भौचर नं	पकेटको नाम	कर्मचारिको नाम	रकम
९२/२०७८।१२।१६	ओखर विरुवा विस्तार कार्यक्रम	पर्शुराम काफ्ले	६२५००।००
९२/२०७८।१२।१६	ओखर विरुवा विस्तार कार्यक्रम	गगन टमाटा	१९४७५०।००
९९/२०७८।१२।१७	ओखर खेती विस्तार कार्यक्रम	गगन टमाटा	५८०००।००
१००/२०७८।१२।१७	पकेट विकास कार्यक्रम	सविता भारति	१००००।००
१०१/२०७८।१२।१७	पकेट विकास कार्यक्रम	अन्जु कुमारी शाही	१९०००।००
१७२/२०७९।०३।०८	पकेट विकासमा अनुगमन	पूर्ण गिरी	३७५००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८.५			**पकेट कार्यक्रमको अनुगमनः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा पकेट विकास क्रियाकलाप अन्तर्गत सञ्चालित कार्यक्रमहरुको एकल वा संयुक्त रुपमा स्थानीय तहले अनुगमन गरी सोको प्रतिवेदन परियोजना कार्यान्वयन इकाइ वा प्रदेश कृषि/पशु कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको पकेट कार्यक्रममा विउ विजन तथा पशुहरु कृषकलाई भरपाईको गरी वितरण गरेकोमा उक्त विउ विजनहरु कृषकले लगाए नलगाएको वा पशु नश्ल सुधारको कार्यक्रमहरु सञ्चालन भएको अवस्थामा सोको प्रगति लेखापरीक्षण अवधिसम्म पेश हुन आएन।यसबाट पकेट कार्यक्रम प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले म्यानुअलको व्यवस्था बमोजिम निरन्तर पकेटको अनुगमन गरी प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५९			**रैथाने वाली प्रबर्द्धन कार्यक्रमः** रैथाने वालि प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७५ को अनुसुचि १० बमोजिम रैथाने वालिका विउ वितरणमा ८५ प्रतिशत अनुदान, विभिन्न मेशिनहरुको वितरणमा ८५ प्रतिशत अनुदान दिन सक्ने व्यवस्था रहेको छ । साथै उक्त कार्यविधि बमोजिम रैथाने वालि विकास कार्यक्रम समुह संस्था तथा लाभग्राहीको उपभोक्ता समुहसँग गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति गठन गरी सम्झौताको आधारमा उक्त कार्य गर्नुपर्नेमा कर्मचारी नवराज बडुवाललाई भौचर नं २३३/२०७९।०३।२३ बाट रकम भुक्तानी गरेको छ । यसरी कार्यविधिको व्यवस्था विपरित कर्मचारीहरुलाई रकम भुक्तानी गरी कार्यक्रम कार्यन्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ भने देहाय बमोजिम लागत सहभागिता हुनुपर्नेमा सम्पूर्ण रकम भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने	६९,३००

समानको नाम	जम्मा लागत	भुक्तानी रकम	लागत सहभागिताको रकम	भुक्तानी हुनुपर्ने रकम	बढी रकम
रैथाने विउ तथा ढुवानी	३१२०००।००	३१२०००।००	४६८००।००	२६५२००।००	४६८००।००
मिनि टिलर	१५००००।००	१५००००।००	२२५००।००	१२७५००।००	२२५००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**प्रधानमन्त्री रोजगार कार्यक्रमः**	
६०.१			**प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको अवस्था छ । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, गोरेटो वाटो, खेलकुद मैदान तथा प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष करिब ६०० जनालाई ५० देखी ६० दिन सम्म रोजगारीको लागि लाख खर्च गरेको छ । लक्षित वर्गलाई ४० दिनदेखि ५५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत जम्मा २ करोड ४१ लाख ८० हजार खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०.२			**निर्माण सामाग्रीमा रकम भुक्तानी:** प्रधानंत्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा ६८ मा श्रमिकहरुबाट काम गराउदा रोजगारी सर्जना हुने गरी श्रममूलक काम गर्नुपर्ने, अभिमुखिकरण, कामको नियमित अनुगमन तथा मुल्यांकन गर्नुपर्ने, कम्तिमा १०० दिन रोजगारी सिर्जना गर्नुपर्ने, कामदारको बीमा, सार्वजनिक सुनुवाइ गर्नपर्ने लगायतका व्यवस्था गरेको छ ।साथै निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री नगरपालिकाको योगदानबाट खरिद गर्नुपर्ने र संघीय सरकारबाट प्राप्त बजेट ज्यलामा मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ।पिसिसि सिचाइ कुलो, ढलान बाटो, तटबन्ध जस्ता निर्माण कार्यमा सिमेण्ट, आइरनवार, ढुवानी भाडा, अन्य समाग्री समेत खरिद गरेको पाइयो ।यसरी कुल खर्चको तुलनामा निर्माण सामाग्री खरिदका गाउपालीकाबाट न्यून बजेट बिनियोजन भएको अवस्था संघीय सरकारबाट प्राप्त रकम ज्यालामा मात्रै खर्च देखिएन। कुल लागतको तुलनामा सामग्री खरिदमा न्यून खर्च भएका केहि उदाहरण देहाय बमोजिम छन्। अत: कार्यक्रमको उद्येश्य अनुरुप संघीय सरकारबाट प्राप्त बजेट ज्यालामा मात्रै खर्च गर्नेतर्फ सम्बन्धित नियकायको ध्यान जानु पर्दछ ।	

कामको विवरण	कुल लागत अनुमान रु	प्रधानमंत्री रोजगार कार्यक्रमबाट रु	पालिकको योगदान रु	पालिकाको योगदान
चुली मालिका स्कुलको घेराबार	७९६३६९।००	६०२३६९।००	१९४०००।००	२४ प्रतितशत
कार्कीवाडा डाँडापोखरी सडक	५६२२६३।००	५६२२६३।००	०	०
लाफिया घवडेटो बाटो निर्माण	६८९०००।००	४९५०००।००	१९४०००।००	२८ प्रतितशत
घाडासुन्ना बा बि के को भवन	७३७४७०।००	४९९९७०।००	२३७५००।००	३२ प्रतितशत
गारुवा सिँचाइ पोखरी निर्माण	२०२९१३।००	२०२९१३।००	०	०
लुवारबाटे देखि तिला कर्णाली क्याम्पस सम्म बाटो	४९८४०६।००	४९८४०६।००	०	०
चुचेढुंगा सिँचाइ कुलो	४५३१०७।००	४५३१०७।००	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**संघिय सशर्तः शिक्षा (स्थानीय तह)**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्तिः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table><tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr><tr><td>१</td><td>३८ विद्यालय</td><td>१३६</td><td>१३६</td><td>०</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>शैक्षिक तथ्यांकः नगरपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका आ.ब.२०७८/०७९ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वियन पुस्तिका आ.ब. २०७८/७९ मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा नगरपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा नगरपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>६१.३</td><td></td><td></td><td>शैक्षिक प्रतिवेदनः अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.४			**विद्यालयगत निकासा रजिष्ट्रर:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।	
६१.५			**विद्यालय सञ्चालन गरेको भन्दा बढी दिनको दिवा खाजाको रकम निकासा:** पालिकाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र सम्बन्धित विद्यालयका विद्यार्थीको लागि उपलब्ध हुने दिवा खाजा वापतको रकम निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले यस आ.ब को शैक्षिक क्यालेन्डर उपलब्ध नगराएकोले विद्यालय सञ्चालनको वास्तविक दिन यकिन गर्न सकिएन । पालिकामा नमूना विद्यालय पञ्चदेवल माध्यमिक विद्यालयको स्थलगत अनुगमन गरी उक्त आ.ब को जम्मा विद्यालय सञ्चालनको अधिकतम दिन गणना गरेकोमा जम्मा विद्यालय १२५ दिन सञ्चालन रहेको देखियो । पालिकाको सबैभन्दा अधिकतम दिन सञ्चालन भएको भन्ने जानकारी प्राप्त भएको विद्यालय मात्र १२५ दिन सञ्चालन भएको तर दिवा खाजा १३८ दिनको निकासा भएकोले बढि निकासा भएको १३ दिन बराबरको रकम (७९९ जना पूर्व विद्यालयमा तथा ४१८८ जना प्राथामिक तहमा गरी जम्मा ४९८७ जनाको २० प्रतिदिनका दरले हुन आउने रकम सम्बन्धित विद्यालयको विद्यार्थि संख्याको विवरणको आधारमा असुल गर्नुपर्ने	१,२९६,६२०
६१.६			**९-१० को गणित, विज्ञान तथा अङ्ग्रेजी शिक्षकको बढी तलब निकासा:** विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम शुन्य दरबन्दी भएका माध्यमिक विद्यालयको लागि गणित, विज्ञान तथा अग्रेजी शिक्षकहरुको लागि शिक्षक संख्याको आधारमा प्रति शिक्षक प्रति महिना ३५९९०।०० का दरले निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले तेस्रो चौमासिकबापतको रकम भौचर नं २१३/२०७८।०३।२० बाट विभिन्न ६ विद्यालयका १० जना शिक्षकको लागि जम्मा रु.१४३९६००।०० निकासा गर्नुपर्नेमा रु.१७२७५२०।०० निकासा दिएकोले बढी निकासा रकम रु.२८७९००।०० सम्बन्धित विद्यालयबाट(भुक्तानीको विस्तृत विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले कुन विद्यालयलाई बढी निकासा गएको यकिन गर्न सकिएन) असुल गर्नुपर्ने	२८७,९००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.७			**कार्यसम्पन्न प्रतिवेदन पेश नभएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य समाप्त भएको ३० दिनभित्र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पाठ्यक्रम विकास केन्द्रको परिपत्र बमोजिम नमूना विद्यालयको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न विद्यालयलाई २ तथा ४ कोठे भवन एवं नमुना विद्यालय निर्माणको लागि अनुदान रकम विद्यालयको खातामा भुक्तानी गरेको छ । यसरी विद्यालयलाई निकासा दिएको रकमबाट स्वीकृत मापदण्ड तथा डिजाइन बमोजिमको भवन निर्माण गरी सोको कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षण अवधिसम्म पनि पेश नभएकोले सो निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	२४,०००,०००

गो.भौ.नं./मिति	विद्यालयको नाम	रकम
३०, ४३/२०७९।०२।२५,३।२५	श्री नैनलदेव आ.वि	१८०००००।००
२८, ४३/२०७९।०१।०२,३।२५	श्री फोटोसिल्ला आ.वि	१८०००००।००
२८, ४३/२०७९।०१।०२,३।२५	श्री दूर्गा भवानी आ.वि	१८०००००।००
२८, ४३/२०७९।०१।०२,३।२५	श्री चुलिमालिका मा.वि	३६०००००।००
१३, ४२/२०७८।११।०८,३।२५	श्री पञ्चदेव मा वि	१५००००००।००
जम्मा		२४००००००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.८			**दाखिला प्रतिवेदन पेश नभएकोः** आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ तथा नियमावली २०७७ को नियम ५९ मा आफ्नो जिम्मामा आएको जिन्सी तथा मालसामान ७ दिनभित्र गरी म.ले.प.फा.न. ४०३ को ढाँचामा दाखिला गरी जिन्सी विवरणको लगत अद्यावधिक गर्नुपर्दछ । नगरपालिकाले देहायका विद्यालयलाई विद्यालय शैक्षिक सुधार तथा प्रयोगशाला एवं सूचना प्रविधि सुधार अन्तर्गत निम्न विद्यालयलाई सामाग्री खरिद गर्न अनुदान रकम विद्यालयको खातामा भुक्तानी गरेको छ । यसरी विद्यालयलाई निकासा दिएको रकमबाट स्वीकृत कार्यक्रम बमोजिम सामाग्री खरिद गरी दाखिला गरेको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	३,२५०,०००

गो.भौ.नं./मिति	विद्यालयको नाम	रकम
४३/२०७९।३।२५	श्री दूर्गा भवानी आ.वि	६५००००।००
४३/२०७९।३।२५	श्री दुधेशिल्ला आ।वि	६५००००।००
२१३/२०७९।०३।२०	श्री विजोशी मा वि	६५००००।००
२१३/२०७९।०३।२०	सरस्वती मा वि	६५००००।००
२१३/२०७९।०३।२०	चुलिमालिका मा वि	६५००००।००
जम्मा		३२५००००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.९			**दाखिला प्रतिवेदन पेश गर्नुपर्नेः** आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ तथा नियमावली २०७७ को नियम ५९ मा आफ्नो जिम्मामा आएको जिन्सी तथा मालसामान ७ दिनभित्र गरी म.ले.प.फा.न. ४०३ को ढाँचामा दाखिला गरी जिन्सी विवरणको लगत अद्यावधिक गर्नुपर्दछ । निम्न विद्यालयले ICT Lab स्थापनाको लागि देहायको परिमाणमा देहायका सामाग्री खरिद गरेको विजक संलग्न गरेको भएतापनि सोको स्टोर दाखिला गरेको प्रमाण पेश गरेको नदेखिएकोले सोको दाखिला प्रमाण पेश गर्नुपर्ने	१,३००,२०८

विद्यालयको नाम	समानको विवरण र परिमाण	आपूर्तिककर्ताको नाम र विजक नं	जम्मा मूल्य

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			सालडाडा आ वि	अफिस टेवल ३ थान, फर्मवाला कुर्चि १२ पिस	बोहोरा फर्निचर/६२	१६०००८	
				डेस्टप १, प्रोजेक्टर १ थान,ल्यापटप २ थान, क्यानन प्रिन्टर २ थान, प्रिन्टर लगायत कार्यालय सामाग्री	हिमालय इन्सिच्युट अफ टेक्नोलोजी /०८	४९०२००	
					जम्मा	६५०२०८।००	
			जनज्योति मा.वि.	व्याट्रि ४ पिस, इन्भटर १ दिन, हाजिर मिसन १ पिस	ज्वाला कम्प्युटर/७५०	२१३५००।००	
				डेस्टप ४ पिस, ल्यापटप ३ पिस, प्रिन्टर १ पिस, पेनड्राइभ ५ पिस, मल्टिप्लग १० पिस, कम्प्युटर टेवल ६ पिस, कम्प्युटर टुल्स लगायत १० पिस	ज्वाला कम्प्युटर/७४९	४३६५००।००	
					जम्मा	६५००००।००	
			कुल जम्मा			१२६९७०५।००	
६२			**औषधि खरिदः**				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । सोही नियमावलीमा यसरी खरिद गर्दा एक आर्थिक वर्षमा एउटा कार्यक्रम तथा आपूर्तिकर्ताबाट सो भन्दा बढीको खरिद गर्न नसकिने व्यवस्था समेत रहेको छ । पालिकाले औपधि खरिद गर्दा औषधि खरिदलाई पटक पटक टुक्रा पारेर सो सिमा भन्दा बढीको औषधी खरिद गरेको देखियो । यसरी नियमावली बमोजिम बोलपत्रको माध्यमबाट गर्नुपर्ने खरिदलाई सोझै खरिद गरेको नियमित नभएको
<table>
<tr><th>भौचर नं/मिति</th><th>विजक नं/मिति</th><th>आपूर्तिकर्ताको नाम</th><th>रकम</th></tr>
<tr><td>१८४/२०७९।०३।१३</td><td>CPPL10164, CPPL10229/२०७९।०२।१३</td><td>क्युरेक्स फर्मासुटिकल्स</td><td>१९९९५००।००</td></tr>
<tr><td>१८४/२०७९।०३।१३</td><td></td><td>प्रेम जनरल स्टोर्स एण्ड सप्लायर्स</td><td>७८७७५।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०७८२७५।००</td></tr>
</table>
</td><td>२,०७८,२७५</td></tr>
<tr><td>६२.२</td><td></td><td></td><td>

खरीद गरीएका औषधिमा निःशुल्क वितरणको लागि लोगो उल्लेख गरेको भएता पनि आपूर्ति हुने औषधि डव्लु.एच.ओ.वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश नभएको ।
आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३			**स्यानिटरी प्याडको लागत अनुमानः** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यलयले कलमा सर्जिकल तथा निहित फर्मास्युटिकल्स जम्मा १८४२९ प्याकेट सेनिटरी प्याड खरिद गरेकोमा लागत अनुमान तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिदलाइ मितव्ययी बनाउने तर्फ निकायको ध्यान जानु पर्दछ ।	
६३.१			**सिधै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा स्वीकृत खरिद योजना अनुसार बीस लाख रुपैया सम्म लागत अनमान भएको मालसामान सिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ८५ मा मालसामान खरिद गर्दा टुक्रा पारि खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले कलमा सर्जिकल तथा निहित फर्मास्युटिकल्सबाट स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरी सिधै रु १०३१०७१।३८ को सेनिरी प्याड खरिद गरेको पाइयो ।यसरी सिलबन्दी दरभाउपत्र बेगर गरिएको खरिद नियमसम्मत नदेखिएको रु	१,०३१,०७१.७८
६३.२			**अत्याधिक मौज्दातः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान, खरिदको परिमाण, विवरण र क्षेत्र एकीन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रथम तथा दोस्रो चौमासिकमा १८४२९ प्याकेट स्यानिटरी प्याड खरिद गरि मौज्दात राखेको पाइयो । उक्त परिमाण लेखापरीक्षण अवधि सम्म बितरण गरेको प्रमाण पेश भएको पाइएन ।आवश्यकताका आधारमा खरिद गरि सार्वजनिक श्रोतको प्रभावकारी उपयोग गर्नेतर्फ निकायको ध्यान जानु पर्दछ ।	
६४			**बैठक भत्तामा करकट्टीः** आयकर ऐन २०५८ को दफा ८८ मा सबै प्रकारका बैठक भत्तामा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बहुक्षेत्रीय पोषण समितिको वैठकभत्ता वापत भौचर नं २०१/२०७९।०३।१९ मा खेमराज बराललाई रु३२०००।०० भुक्तानी गरेको तर सोमा करकट्टी नभएकोले सो रकम दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु	४,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			**अधुरा निर्माण कार्यः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खररिद सम्झौता गर्ने निर्माण व्यावसायीले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छाडेमा वा सम्झौता बमोजिम काम नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, सो काम वापत राखिएको पुरै जमानत जफत हुने र बाँकी काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यावसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका निर्माण व्यावसायीसँग ठेक्का सम्झौता गरेकोमा काम सम्पन्न गरेको पाइएन ।यसरी आर्थिक बर्षको तेश्रो चौमिसकमा ठेक्का सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाइ नियमावलीको व्यवस्था बमोजिम उक्त काम सम्पन्न गर्ने गराउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ ।	

निर्माण व्यावसायी	काम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने	सम्झौता अंक रु	सम्पन्न भएको काम	बाकी काम रु
पारस निर्माण सेवा	पिलि वजार हुड्का देखि चिहानी घाट सम्म सडक	२०७८।११।२	२०७९।३।२५	६५७७२२५।००	१११८६०३।००	५४५८६२२।००
	बिजोसी आ बि			२७९३०२५।००	१०८०३१२।००	१७१२७१३।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**कन्टिन्जेन्सी खर्च अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ।कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन।यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन।नियमावलीको ब्यवस्था बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६७			**भाडा दरः** जिल्ला भित्र प्रयोग हुने डोजर एक्साभेटरको भाडा जिल्ला दररेटमा उल्लेख भएकोमा सोही अनुसार र नभएमा स्थानीय तहले जिल्ला भर समान दररेट कायम गरी सो अनुसार कार्य हुनुपर्दछ । आर्थिक वर्ष २०७८।७९ मा उपभोक्ताले डोजर एक्साभेटर संग सम्झौता नगरी कार्यालयवाट भुक्तानी लिने रकमको एकमुष्ठ मेसिन प्रयोगको भाडामा लिई कार्य गराएको देखियो । नगरपालिकाले डोजर एक्साभेटर भाडामा एकरुपता ल्याउन आवश्यक निर्णय गरी उपभोक्ताले एकमुष्ठ विल पेश गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ।	
६८			**निर्माण कार्यको बीमा :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामाग्री, काम, कामदार तथा उपकरणको बीमा गर्नुपर्ने व्ययस्था छ । कार्यालयले ठेक्का तथा उपभोक्ता समिति मार्फत गरेका निर्माण कार्य अन्तर्गत निर्माण सामाग्री, काम, कामदार तथा उपकरणको बीमा गराएको पाएन । बीमा नगर्दा जोखिम न्यूनिकरण नहुने भएकोले नियमावलीको व्यवस्था बमोजिम बीमा गर्नेतर्फ निकायको ध्यान जानु पर्दछ ।यसका केही उदाहरणहरु निम्नानुसार छन् । निर्माण व्यावसायी: पारस निर्माण सेवा; काम: पिलि वजार हुड्का देखि चिहानी घाट सम्म सडक; सम्झौता मिति: २०७८।११।२; सम्पन्न गर्नुपर्ने: २०७९।३।२५; सम्झौता अंक रु: ६५७७२२५।००	
६९			**बिद्युत संरचनाको बिस्तृत परियोजना प्रतिबेदन (DPR):**	
६९.१			**बिस्तृत परियोजना प्रतिबेदन (DPR):** सार्जनिक खरिद नियमावली २०६४ को नियम ७२ (१) मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा कमको परामर्श सेवा मौजुदा सुचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राबिधक तथा आर्थिक प्रस्ताव माग गरि खरिद गर्न सिकने र उपनियम २ मा सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटालाइ प्रस्ताव सम्बन्धि कागजात पठाई प्राबिधिक र आर्थिक प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था छ । रेङ्गिल खोलामा हाइड्रोपावरको बिस्तृत परियोजना प्रतिबदेन तयार गर्न रु १२०००००।०० बजेट बिनियोजन भएको पाइयो । एकमुष्ठ रुपमा प्रस्ताव माग गरी सबै सेवा एउटै परामर्शदाताबाट खरिद गर्नुपर्नेमा कामलाइ टुक्रा पारी सत्यम इन्जियनियरिङ्ग सर्भिसेज भरतपुरसँग रु४९८६१२।००, दियालो इन्जिनियरिङ्ग कन्सल्टेन्सीसँग रु १९८३१५।०० र ग्लोबल इन्जिनियरिङ्गसँग रु४९९४६०।०० को फरक फरक सम्झौता गरेको पाइयो ।कम्तिमा ३ वटा फर्मबाट प्रस्ताव माग नगरी सिधै गरेको खरिद नियम सम्मत नदेखिएको रु	१,२००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९.२			**परामर्श सेवाको लागत अनुमान:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक नियकायले कुनै पनि खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु १२००००००।०० को परामर्श सेवा खरिद गर्दा लागत अमान तयार गरेको पाइएन । यसबाट खरिद प्रतिस्पर्धी र मितव्ययी भएको मान्न सकिएन । प्रचलित ऐनको व्यवस्था बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरि खरिद गर्नु पर्दछ ।	
६९.३			**परामर्श दताको कार्यशर्त :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ को २ (ख) मा खरिद गर्नुपर्ने सेवाको प्रकृति, अवधी, सेवाको कार्यक्षेत्रका शर्तहरु र अपेक्षित परिणाम, सम्झौताका शर्तहरु सहित प्रस्ताव माग गर्नुपर्नेमा उल्लेखित बिषयहरु खुलाएको पाइएन । यसबाट परामर्शदाताले तोकिएकै बिधि तथा प्रकृया पुरा गरी प्रतिबेदन तयार गरेको र अपेक्षित नतिजा प्राप्त भएको सुनिश्चित गर्ने आधार छैन ।तोकिएको चौमासिकमा सम्पन्न गर्नुपर्ने काम आर्थिक बर्षको अन्तमा बजेट फ्रिजहुन नदिने उद्धेश्यले खर्च गर्दा कामको गुणस्तर कायम हुन नसक्ने र खरिद मितव्ययी तथा प्रभावकारी समेत हुन देखैन । भौगोलिक बिकटता र बर्षातको समयमा चितवन र काठमाण्डौंबाट तत्काल आइ छोटो अवधीमा काम सम्पन्न भएको पाइयो । • पालिकाले सत्यम इन्जियनियरिङ्ग सर्भिसेज चितवनलाइ च नं ४०१० मिति २०७९।३।६ मा सुचि दर्ताका लागि पत्राचार गरेकोमा उक्त परामर्शदाताले २०७९।३। ७ मा प्रस्ताव पेश गरी १४ दिनमा बिस्तृत अध्ययन प्रतिबेदन पेश गर्ने समय तालीका पेश गरेको पाइयो ।उक्त परामर्शदातासँग १२ दिनभित्र काम सम्पन्न गर्नेगरी २०७९।३।१३ गते सम्झौता भइ २०७९।३।२० मा प्रतिबेदन पेश गरेको पाइयो । • पालिकाले दियालो इन्जिनियरिङ्ग कन्सल्टेन्सी काठमाण्डौलाइ च नं ४०१० मिति २०७९।३।६ मा सुचि दर्ताका लागि पत्राचार गरेकोमा उक्त परामर्शदाताले २०७९।३।७ मा प्रस्ताव पेश गरी ९ दिनमा बिस्तृत अध्ययन प्रतिबेदन पेश गर्ने समय तालीका पेश गरेको पाइयो ।उक्त परामर्शदातासँग ५ दिनभित्र काम सम्पन्न गर्नेगरी २०७९।३।१७ गते सम्झौता भइ २०७९।३।२० मा प्रतिबेदन पेश गरेको पाइयो । • पालिकाले ग्लोबल इन्जिनियरि सर्भेज ललितपुरलाइ मिति २०७९।३।६ मा सुचि दर्ताका लागि पत्राचार गरेकोमा उक्त परामर्शदाताले २०७९।३।७ मा प्रस्ताव पेश गरी १२ दिनमा बिस्तृत अध्ययन प्रतिबेदन पेश गर्ने समय तालीका पेश गरेको पाइयो ।उक्त परामर्शदातासँग १० दिनभित्र काम सम्पन्न गर्नेगरी २०७९।३।१३ गते सम्झौता भइ २०७९।३।२१ मा प्रतिबेदन पेश गरेको पाइयो । • बिस्तृत परियोजना प्रतिबेदनको कार्यन्वयन गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
७०			**पानिखाल विद्यालय भवन निर्माणः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०.१			**सम्झौता र म्याद थपः** कार्यालयले पानिखाल विद्यालय भवन निर्माण कार्यको लागि अभियान निर्माण सेवासँग २०७७।०३।१६ मा मिति २०७८।०६।३० मा कार्य सम्पन्न गर्ने गरी मु.अ.कर सहित जम्मा रु.२२७५७११५।२० मा सम्झौता गरेको छ । यस आ.ब.को अन्त्य सम्ममा २ वटा रनिङ्ग विलबाट जम्मा रु.९९४२६५२।९६ मात्रको भुक्तानी भएकोमा वित्तीय प्रगती ४३।६९ प्रतिशत मात्र कार्य सम्पन्न हुदाँ शुरुको म्याद समाप्त भई कार्यालयले मिति २०७८।०६।३१ को निर्णयबाट प्रथमपटकलाई मिति २०७८।१२।३० सम्म गरेकोमा पुन म्याद थपको निवेदन विना २०७९।०३।०८ मा दोस्रो पटकलाई २०७९ असोज मसान्त सम्म थप गरेको छ ।	
७०.२			**पेश्कीको वैक जमानतः** कार्यालयले उक्त निर्माण व्यवसायिलाई २०७७।०३।३१ मा सम्झौता बमोजिम ५७ लाखको पेश्की उपलब्ध गराएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ बमोजिम पेश्कीको जमानत रुपमा APG/215/0036/6810/20 कृषि विकास वैक कालिकोट शाखाको वैक जम्मा रु.५८ लाखको वैक जमानत पेश गरेकोमा म्याद २०७७।०९।२९ समाप्त भएको भएकोमा APG/215/0036/6810/20 को म्याद २०७९।०३।३० सम्म थप भएको देखियो । उक्त निर्माण व्यवसायिको नाममा यस आ.बको अन्त्यमा जम्मा रु.४६६०११५।०० पेश्की वाकी रहेकोमा नियमावलीको नियम ११३ बमोजिम पेश्की जमानत पेश गर्नुपर्दछ अन्यथा पेश्की असुल गर्नुपर्दछ	४,६६०,११५
७१			**पिलि वजार हुड्का देखि चिहानी घाट सम्म सडक:**	
७१.१			**सम्झौता र कार्य प्रगतीः** पिलि वजार हुड्का देखि चिहानी घाट सम्म सडक निर्माणका लागि मु अ कर सहित रु१७३१०६३५।५५ को लागत अनुमान तयार गरेको पाइयो । उक्त कार्यका लागि निर्माण व्यावसायी पारस निर्माण सेवासँग २०७९।३।२५ मा सम्पन्न गर्नेगरी २०७८।११।२ मा मु अ कर सहित रु ६५७७२२५।०० को खरिद सम्झौता भएको पाइयो । उक्त निर्माण व्यावसायीलाइ प्रथम रनिङ बिलको रु ९१६११३।०० मध्ये संघीय शसर्तबाट भौ नं २६।२०७९।१।८ बाट रु ७८३११३।०० र पालिकाको समपुरक भौ नं १९२।२०७९।१।८ बाट रु १३३०००।०० भुक्तानी दिएको पाइयो। त्यसैगरी दोश्रो रनिङ बिलको भौ नं ४६।२०७९।३।२५ बाट रु २०२४९०।०० गरी जम्मा रु १११८६०३।०० अर्थात १७ प्रतिशत मात्र कार्य प्रगति भएको पाइयो ।	
७१.२			**बोलपत्र स्वीकृतिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ मा लागत अनुमान र ६७ मा बोलपत्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ ।पालिकाले पिलि वजार हुड्का देखि चिहानी घाट सम्म सडक निर्माणका लागि मु अ कर सहित रु१७३१०६३५।५५ को लागत अनुमान तयार गरेको पाइयो । उक्त कार्यका लागि निर्माण व्यावसायी पारस निर्माण सेवासँग २०७९।३।२५ मा सम्पन्न गर्नेगरी २०७८।११।२ मा मु अ कर सहित रु ६५७७२२५।०० को खरिद सम्झौता गरेकोमा लागत अनुमान तथा बोलपत्र स्वीकृत भएको प्रमाण पेश हुन पाइएन।नियमावलीको व्यवस्था अनुसार बोलपत्र स्वीकृत गरेर खरिद प्रकृया अगाडी बढाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२			**सुधारिएको चुलो खरिदः** नगरपालिकाले forced draft improved cooking stove खरिदका लागि एम एन इन्टरनेसनल थापाथलीसँग २१७५ थान सुधारिएको चुलो २०७८।१२।३० सम्म आपूर्ति गर्नेगरी २०७८।६।३१ मा मु अ कर सहित रु १४९९२२७५।०० को खरिद सम्झौता गरेको पाइयो । उक्त आपूर्तिकर्तालाइ भौ नं २२।२०७८।७।१६ बाट रु २६५४०००।०० पेश्की दिएको पाइयो । आपर्तिकर्ताले मिति २०७९।२।३ बिजक नं १०५ जारी गरी पालिकाले भौ नं ७५४।२०७९।२।१८ बाट रु ३९७९०००।००, भौ नं ७५३।२०७९।२।१८ बाट रु १६०००००।०० र भौ नं २९५।२७९।२।१८ बाट रु ९४१३२७५।०० गरी जम्मा रु १४९९२२७५।०० बाट पेश्की फर्छ्यौट गरी भुक्तानी दिएको पाइयो ।	
७२.१			**सुधारिएको चुलोको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५-क_ मा मालसामान तथा निर्माण कार्य वा सेवा खरिद गर्नुपूर्व लागत अनुमान तथा स्पेसिफिकेसन तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले २१७५ थान सुधारिएको चुलो खरिदका लागि एम एन इन्टरनेसनल थापाथलीसँग २०७८।६।३१ मु अ कर सहित रु १४९९२२७५।०० को खरिद सम्झौता गरेकोमा सोको लागत अनुमान तयार गरेको पाइएन ।लागत अनुमान बेगर गरेको खरिद मितव्ययी भएको यकीन गर्ने आधार छैन ।	
७२.२			**चुलोको प्राबिधक स्पेसिफिकेशन परिक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद सम्झौमा उल्लेख गरेका प्रबिधिक स्पेसिफिकेशन बमोजिमको मालसामान प्राप्त भए नभएको सुनिश्चित गर्नपर्ने व्यवस्था छ । पालिकाले एम एन इन्टरनेसनल थापाथलीबाट बिजक नं १०५।२०७९।२।३ बाट आपूर्ति गरेका २१७५ थान चुलोको स्पेशिफिकेसन भिडान तथा प्राबिधक परिक्षण गरेको पाइएन । साथै फर्मले आपूर्ति गरे पश्चात जाँच गरी संख्या यकीन गर्नुपर्नेमा सो समेत गरेको पाइएन । यसबाट उक्त चुलो पूर्बनिर्धारित स्पेशिफिकेसन बमोजिम भए नभएको एकीन गर्न सकिएन ।	
७२.३			**चुलो बितरणको भरपाइः** पालिकाले जिन्सी दाखिला फारम १७५ बाट २१७५ चुलो भण्डार दाखिला गरि हस्तान्तरण फारम ७ बाट २०७९।२।१९मा जलबायु उर्जा तथा वातावरण संयोजक गणेश बहादुर रावललाइ हस्तान्तर गरेको पाइयो । लेखापरीक्षणका क्रममा बितरणको भरपाइ माग गर्दा भरपाइ पेश हुन आएन । अत नगरपालिकाले गरेको आधारिक निर्णय, चुलो बितरण गरेको भरपाइ, बुझिलिनेको परिचय खुल्ने कागजात सहित हस्तान्तरण गरेको प्रमाण पेश हुनु पर्ने रु	१४,९९२,२७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३			**नन फाइलरः** निम्नानुसारका फर्म तथा निर्माण व्यावसायीको पान नं आन्तरिक राजस्व कार्यालयको वेवसाइटमा खोजि गर्दा ननफाइलर रहेको पाइयो । तसर्थ सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मु अ कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु	१२८,६८८

निर्माण व्यावसायी	काम	बिजक नं	पान नं	बिलको रकम रु	मु अ कर रु
पारस निर्माण सेवा	पिलि वजार हुड्का देखि चिहानी घाट सम्म सडक	५ र १०	३०४१५२६६१	१११८६०३।००	१२८६८८।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**लागत सहभागिताः** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
७५			**उपभोक्ता समितिको बिल तथा कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**भेरिएसन आदेशः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(२)(क) कुनै निर्माण कार्यको डिजाइन, नक्सा तथा ड्रइङ्ग बदल्नु पर्ने भएमा वा नयाँ कार्य सम्पन्न गर्नुपर्ने भएमा अधिकार प्राप्त अधिकारी बाट प्राविधिक पुष्ट्याई सहित भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण गराएका देहायको कार्यमा लागत अनुमान भन्दा नयाँ कार्य सम्पन्न भएको भनि नापजाँच गरी भुक्तानी गरेको तर प्राविधिक पुष्ट्याई एवं भेरिएसन आदेश जारी भएको नदेखिएकोले उक्त निर्माण कार्यको लागि गरेको खर्चलाई नियमित मान्न नसकिएको रु.	६८९,०५७.९५

सि.न.	आयोजनाको नाम	कार्य को प्रकार	बढी नापजाँच भएको जम्मा रकम	उपभोक्ताको अशं	कार्यालयको भुक्तानी रकम	कैफियत
१	थेरावान्ना देखी नैनापुल्ला ग्रामिड सडक मुख्यमन्त्री रोजगार	Left Dry Wall	४८८५४७।५६	०	४८८५४७।५६	लागत अनुमानमा भन्दा आइटम थप गरी कार्य सम्पन्न भएको नापजाँच गरी भुक्तानी गरेको । बाटो खन्ने काममा सबै आइटम घटेको अवस्थामा बाटोमा वायाँ वाल मात्र बढ्न नसक्ने देखिएको
२	छौखोला देखी सेरावाडा सडक निर्माण	Left Dry Wall	२००५१०।३९	०	२००५१०।३९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७७			**मर्मत सम्भार तथा संरक्षण आदेश:** कार्यालयले सम्पतिको समयमै मर्मत, सम्भार गरि प्रयोगमा ल्याउने, उक्त मर्मत सम्भार तथा संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणको आधारमा विश्लेषण गर्न कुनै सम्पत्तिलाई मर्मत गर्नु अघि मर्मत सम्भार तथा संरक्षण आदेश म ले प फा नं ४१४ स्विकृत गर्नुपर्दछ । तर कार्यालयले देहाय अनुसारका सम्पत्तिको मर्मत गर्दा उल्लेखित व्यवस्था पालना गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८			**मर्मतसंम्भारः** नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरणगरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार गरेको अभिलेख समेत पालिकाले राखेको छैन।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समितिबाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ।	
७९			**हेवी इक्वीमेन्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरु बाट निर्माण कार्य गर्ने गरी तयार पारिएका सडक योजनाको लागत अनुमानमा डोजर प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरेकोले सो कार्य उपभोक्ता बाट सोझौ खरिद गर्ने तथा सवकन्याक्टमा लगाउन प्रत्सोहान गरेको देखियो । साथै उपभोक्ता समितिले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । पालिकाले हेभि इक्युमेन्ट प्रयोग गरी सम्पन्न गर्नुपर्ने कार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम खुल्ला वोलपत्र तथा सिलबन्दी वोलपत्रको माध्यमबाट अनुभवी निर्माण व्यवसायिबाट सम्पन्न गर्नुपर्दछ । यसका उदाहरणहरु	

गो.भौ.नं./मिति	कामको विवरण	कुल कार्य सम्पन्न	हेभी मेशिनरी वापतको अशं	भुक्तानी रकम	निर्माण कम्पनी
1९८/१/८	चिया पनेरा देखी हम्डी सडक नर्माण	३६२४६१९। २६	३६२४६१९।२६	२८१८६८४। ९१	कृष्टल एण्ड श्रवण निर्माण सेवा
२७३/३/१६	रोटेपानी तल्खोर हुदै डाडुल्के सडक निर्माण	२४४०११८। ००	२४४०३१८।००	१८९५९११। ००	मान शाही निर्माण सेवा

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			३४८/०३/२४	मोल्फा चुलिमालिका चुलि सडक निर्माण	१७१८५८९।०९	१४२६९६५।५६	११३०८७०।२१	ध्रुव निर्माण सेवा	
			१२०।२०७८।११।१६	बरातु बदालकोट सडक निर्माण	६३५६३३७।००	५५३९६३९।००	४४०५९६७।००	के पि हाइड्रो कन्ट्रक्सन	
			३३६।२०७९।३।२४	सुधारखोला देखि इम्री सम्म सडक	४०१५५३१।००	२५०००००।००	२२०००००।००		
			१९।२०७९।१।११	पिलि देखि चियानीमेला सडक	९३६९५४६।००	९३६९५४६।००	५५९७३८७।००	म्याक कन्ट्रक्सन	
			७।२०७८।११।५	राताडाव देखि तामाखानी सडक	१७७७११०।००	१७७७११०।००		दररेट डोजरको राखिएकोमा बिल संलग्न नरहेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८०			**उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्यः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरीयता वा दिगोपना कायम हुने भएमा वा परियोजनाको मूख्य उद्देश्यनै रोजगारी सृजना गर्ने वा लाभग्राही समुहलाई सहभागी गराउने भएमा यस्ता समुहबाट कार्य गराउन सक्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने वासिन्दा निर्माण कार्यको उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने तथा यसै नियमको उपनियम ३(घ) मा सम्पन्न निर्माण कार्यको मर्मत सम्भमर तथा सञ्चालन उपभोक्ता समिति मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्न कार्यहरु लागत अनुमान तयार गरी उपभोक्ता समितिमार्फत गराएको छ । यस्ता कार्यहरु हुनै सिमित उपभोक्ता समिति वा लाभग्राही समुदायले मात्र उपभोग गर्ने सेवा नभएको तथा यसको मर्मत सम्भार र सञ्चालन समेत उपभोक्ता समितिले नगर्ने तथा जटिल प्रकृतिको कार्य समेत भएकोले यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन गरी व्यवसायि र अनुभवी निर्माण व्यवसायि मार्फत गराउनु उपयुक्त देखिन्छ ।यसका केही उदाहरणहरु निम्न छन् ।	

भौचर नं/ मिति	आयोजनाको नाम	कुल कार्य सम्पन्न	उपभोक्ता समितिको अशं	भुक्तानी रकम	कैफियत
४४/२०७९।०३।२४	वार्ड नं १० भवन निर्माण उपभोक्ता समिति	२६९७३२१।५८	१५०२८५।५६	२५४७०३६।०२	
४०/२०७९।०३।२३	सालडाडा आवी भवन निर्माण	१६१५०४२।४४	०	१६१५०४२।००	
१४। २०७९।३।२२	श्री भिमहरी आधारभूत बिद्यालयको भवन निर्माण	१७८२९९३।००	३५८२३२।००	१४२४७६१।००	स्कुल भवन उपभोक्ता समितिमार्फत निर्माण गरेको तर उक्त उपभोक्ता समितिमा विद्यालयको प्रतिनिधित्व भए नभएको यकिन गर्न सकिएन ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>

बढी भुक्तानीः

पालिकाले निम्न बमोजिमका निर्माण कार्यमा दररेट बिश्लेषणको दर भन्दा बढी दरले भुक्तानी गरेको पाइकोले बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु

<table>
<tr><th>भै नं</th><th>निर्माण कार्य</th><th>कामको परिमाण</th><th>परिमाण</th><th>हुनुपर्ने दर</th><th>भएको दर</th><th>बढी दर रु</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td>२४।२०७९।३।२४</td><td>दुर्गा भवानी प्रा बि</td><td>फर्मवर्क</td><td>१२५।४२</td><td>४०१।१२</td><td>७९२।३५</td><td>३९१।२३</td><td>४९०६८।००</td></tr>
<tr><td>९।२०७८।११।१६</td><td>बिजोसी आ बि</td><td>फर्मवर्क</td><td>७३।४०</td><td>४०१।१२</td><td>७९२।२३</td><td>३९१।२३</td><td>२८७१६।२८</td></tr>
<tr><td>१४।२०७९।३।२२</td><td>भिमहरी प्रा बि</td><td>फर्मवर्क</td><td>१६५।८३</td><td>४०१।१२</td><td>६९७।६२</td><td>२९६।५०</td><td>४९१६८।५९</td></tr>
</table>

</td><td>१२६,९५२.८७</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>

मर्मत सम्भार कोषको रकम भुक्तानीः

सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण गराएका कार्यहरुमा मर्मत सम्भार कोष व्यवस्था गर्न सकिने व्यवस्था छ । कार्यालयले देहायका आयोजनामा निर्माण वापत तयार भएको अन्तिम उपभोक्ताको विल बमोजिम जम्मा भुक्तानी रकम बाट सो कोषको व्यवस्था गर्नुपर्नेमा मर्मत सम्भार कोषको खर्च लेखाङ्कन गरी सोबाट मर्मत सम्भार कोष सम्बन्धित उपभोक्ता समितिको नामबाट जम्मा/दाखिला गरेको नियमसङ्गत नदेखिएकोले सो रकम राजस्वमा सदरस्याहा गर्नुपर्ने रु..

<table>
<tr><th>भौचर नं</th><th>आयोजना</th><th>कुल भुक्तानी रकम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>मर्मत सम्भार कोष</th></tr>
<tr><td>१९८/११०८</td><td>चिया पनेरा देखी हम्डी सडक नर्माण</td><td>२८५४४८८।००</td><td>२८१८६८४।९१</td><td>३५८०३।०९</td></tr>
<tr><td>२८८/३।१९</td><td>कर्पुखोला देखी भट्टी सिचाई कुलो</td><td>८५३०००।००</td><td>८४४०००।००</td><td>९०००।००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td></td></tr>
</table>

</td><td>४४,८०३.०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td></td><td></td><td>उपभोक्ता समितिको अशं कम गरी भुक्तानीः..
पालिकाले कर्पु सिचाई कुलो निर्माण उपभोक्ता समितिको कार्यसम्पन्न प्रतिवेदन तयार पार्ने क्रममा रु.१११७२४९।९३ को लागत अनुमानमा रु.२१७२४९।९३ जनश्रमदानको अशं हुने भनी स्वीकृत गरेकोमा रु. १०६२२३०।०४ को कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा रु.२०६४९७।५२ जनश्रमदानको अशं हुनुपर्नेमा रु.१७८९५२।११ मात्र जनश्रमदान वापत कट्टा गरेकोले बढी भुक्तानी भएको रकम असुल रु.</td><td>२७,५४५.४१</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>उपभोक्ता समितिलाई बढी रकम भुक्तानीः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी कारोवारको भुक्तानी गर्दा विल भौचर तथा भरपाई संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली को नियम १२२ मा निर्माण सम्बन्धी विलको भुक्तानी गर्दा सम्पन्न भएको कामको नापजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका सडक आयोजनाहरु उपभोक्ता समितिबाट निर्माण गर्दा उपभोक्ता समितिले डोजरको प्रयोग गरेको तथा सो भन्दा थप काम गरेकव पाइएन । यसरी डोजरको प्रयोगबाट भएका काममा डोजर वापत निर्माण कम्पनिलाई भुक्तानी गरेको विजक भन्दा बढी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी भएकोले सोको भुक्तानीको विजक पेश गर्नुपर्दछ अन्यथा सो रकम असुल गर्नुपर्ने
<table>
<tr><th>भुक्तानी पाउनेको नाम</th><th>भौचर नं/ मिति</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायि</th><th>विल नं रकम</th><th>निर्माण व्यवसायिको विल रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>चिया पनेरा देखी हम्डी सडक नर्माण उपभोक्ता समिति</td><td>१९८/२०७९।०१।०८</td><td>२८१८६८४।९१</td><td>कृष्टल एण्ड श्रवण निर्माण सेवा</td><td>८/०७९।१।८</td><td>२६८९३०७।३७</td><td>१२९३७७।५४</td></tr>
<tr><td>रोटेपानी तल्खोर हुदै डाडुल्के सडक निर्माण</td><td>२७३/०३।१६</td><td>१८९५९११।००</td><td>मान शाही निर्माण सेवा</td><td>४/२०७९।०४।१३</td><td>१३५६०००।००</td><td>५३९९११।००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६६९२८८।५४</td></tr>
</table></td><td>६६९,२८८.५४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५</td><td></td><td></td><td>

कन्टिजेन्सी बाहेक अन्य खर्चः

मूख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७८ को दफा ११ मा लागत अनुमानको बढीमा २ प्रतिशत रकम कन्टिजेन्सी वापत कट्टा गरी सोही रकमबाट प्रशासनिक तथा प्राविधिक कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गरेका देहायका योजनाहरुमा कन्टिजेन्सीका अतिरिक्त सामाग्री तथा साइट अनुगमन शिर्षकमा समेत भुक्तानी गरेको उक्त कार्यविधि विपरीत देखिएकोले रकम असुल गर्नुपर्ने रु

<table>
<tr><th>भौचर नं/मिति</th><th>आयोजनाको नाम</th><th>कुल कार्यसम्पन्न</th><th>कन्टिजेन्सी रकम</th><th>टुल्स वापतको रकम</th><th>अन्य रकम</th><th>कुल बढी</th></tr>
<tr><td>२८/२०७९।०३।१३</td><td>खेलमैदान निर्माण उपभोक्ता समिति</td><td>१३८५१६३।५५</td><td>२८३४०।००</td><td>१४१७०।००</td><td>०</td><td>१४१७०।००</td></tr>
<tr><td>२/२०७८।०९।०१</td><td>थोरावाना देखी नैनालपुञ्ज ग्रामिण सडक</td><td>१५७९४३९।००</td><td>५५७८०।००</td><td>५५७८०।००</td><td>०</td><td>५५७८०।००</td></tr>
<tr><td>४२/२०७९।०३।२४</td><td>कालिका मन्दिर पञ्चदेवल सडक</td><td>२३०५४०३४।००</td><td>६६०००।००</td><td>३३०००।००</td><td>०</td><td>३३०००।००</td></tr>
<tr><td>२६/२०७९।२।३१</td><td>सित्तु मटेला सिचाई कुलो निर्माण</td><td>२२१९७००</td><td>४५३००।००</td><td>४५३००।००</td><td>२२६५०</td><td>६७९५०।००</td></tr>
<tr><td>२६/२०७९।२।३१</td><td>सेरा माथिल्लो सिचाई कुलो निर्माण</td><td>२२९१०१६।५५</td><td>४७०८०।००</td><td>४७०८०।००</td><td>२३५४०</td><td>७०६२०।००</td></tr>
<tr><td>२/२०७८।०९।०१</td><td>छौखोला देखी सेरावाडा सडक निर्माण</td><td>२०३९९४९।६७</td><td>८५३८०।००</td><td>८५३८०।००</td><td>०</td><td>८५३८०।००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>३२६९००</td></tr>
</table>

</td><td>३२६,९००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८६			**बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सार्वजनिक निकायले खरिद गर्ने निर्माण कार्यको नापँजाँच गरी नापी विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य गराएका देहायका उपभोक्तासमितिलाई नापँजाँच गरेको रकम भन्दा बढी रकम भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने	१३८,२१५

समितिको नाम	कार्यसम्पन्न रकम	उपभोक्ता समितिको अशं	भुक्तानी हुनुपर्ने रकम	भौचर नं	भुक्तानी रकम	बढी भुक्तानी
वार्ड नं १० भवन निर्माण उपभोक्ता समिति	२६९७३२१।५८	१५०२८५।५६	२५४७०३६।०२	४४/३।२४ मुख्य मन्त्री ८०/१२।७ प्रधानमन्त्री	२६२१६३६	७४६००।००
सालडाडा आवि भवन निर्माण	१६१५०४२।२४	०	१६१५०४२।२४	४०/३।२३	१६७८६५७	६३६१५।००
जम्मा						१३८२१५।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८७			**नापजाँच भन्दा बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।पालिकाले बिजोसी आ बि लाइ खुद भएको काम रु १०८०३१२।०० मध्ये पेश्की रु ७२००००।०० र संझौता अनुसार उ स को योगदान रु २१६०६२।०० -लागत अनुमान रु को २० प्रतिशत_ घटाइ बाँकी रु १४४२५०।०० भुक्तानी दिनु पर्नेमा भौ नं २०।२०७९।३।२४ बाट रु ४८०३९२।०० भुक्तानी दिएको पाइएकोले बढी भुक्तानी दिएको रु ३३६१४२।०० असुल हुनुपर्ने रु	३३६,१४२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८८			**खरिद भन्दा बढी जाली प्रयोग** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले पिली देखि चियानीमेला सडक उपभोक्ता समितिलाइ भौ नं १९।२०७९।१।११ मा नापजाँचबाट भएको काम रु ७५१४८७६।०० को भुक्तानी दिएको पाइयो । उक्त निर्माणका लागि उपभोक्ता समितिले म्याक कन्ट्रक्सन प्रा ली बाट १६२ थान ग्याबियन जाली खरिद गरेकोमा नापि किताबमा २२० थान देखाएको पाइयो । यसरी खरिद गरेको भन्दा बढीको नापजाँच गरि भुक्तानी दिएकोले बढी ग्याबियन जाली ५८को रु ३८१७।०० का दरले हुन आउने रकम असुल हुनुपर्ने रु	२२१,३८६
८९			**तिला कर्णाली बहुमुखी क्याम्पस** अार्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले भौ नं २।२०७८।६।२० बाट तिला कर्णाली बहुमुखी क्याम्पसको फिल्ड निर्माण उपभोक्ता समितलाइ रु ३८५०००।०० भुक्तानी दिएको खर्च पुष्टयाइ हुने प्रमाण कागजात संलग्न भएको पाइएन । अत सोको पुष्टयाइ हुने प्राबिधिक नापजाँच गरेको बिल तथा उपभोक्ता समितको माइन्यूट सार्वजनिक सुनुवाइ लगायतका प्रमण पेश हुनुपर्ने रु	३८५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९०			**कर दखिला** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले पारिश्रमिक भाडा तथा अन्य भुक्तानी गर्दा कट्टी गरेको तपशिलका बिभिन्न कर आर्थिक बर्षको अन्त सम्म राजस्व दाखिला भएको नपाइएकोले प्रचलित नियमानुसार राजस्व दाखिला हुनुपर्ने रु	२,९७१,०६३

सि नं.	शीर्षक	रकम
१	अग्रीम आय कर	१०३१३७३।००
२	पारिश्रमीक कर	५७४३२०।००
३	सामाजिक सुरक्षा कर	३३७८३।००
४	अन्य बहाल कर	५६२४२।००
५	मर्मत सम्भरमा कट्टी कर	१२४२१९१।००
६	घर बहाल कर	३३१५४।००
जम्मा कर रकम दाखिला गर्न बाँकी		२९७१०६३।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९१			**भुक्तानी वाँकी विवरण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा तोकिएका खर्च शिर्षकमा यस वर्ष भुक्तानी दिन अपुग भएमा भुक्तानी दिन वाँकी विवरण तयार गरि आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रण कार्यालय बाट प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भुक्तानी दिन विँकी विवरण तयार नगरी देहाएका विपयमा भुक्तानी दिएको नियमित गर्नुपर्ने	५५५,६९७

गो भै नं र मिति	खर्च शिर्षक	रकम	कैफियत
३५,२०७८।६।२३	घर भाडा	४००००	चैत्र देखि अषाढ सम्म
६१,२०७८।६।२४	पार्क स्थाल	४५७२२७	पार्क तथा पिकनिक स्थल निर्माण
३६६,२०७८।६।२३	विविध खर्च	५८४७०	ईसान इलेक्टोनिक्स

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९२			**दाखिला प्रमाण पेशः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका भुक्तानी दिदा जिन्सी दाखिला भइ खर्च पुष्टयाइ हुने कागजातसंलग्न गरेको पाइन । अत जिन्सी दाखिलाको पंमाण पशे हुनुपर्ने रु	५६,०००

भौ नं	विवरण	रकम रु	कैफियत
५६।२०७८।६।२४	बिबिध रकम भुक्तानी	२००००।००	पालिकाको वडा नं ४
३१९।२०७८।९।२३	मसलन्द	३६०००।००	पालिकाको वडा नं ४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९३			**दुर्गा भवानी आ बि** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ ।पालिकाले दुर्गा भवानी आ बि नापजाद्व अनुसार खुद भएको काम रु १८११२७२।०० बाट उपभोक्ता समितको अंश रु ३८६२७२।०० र पेश्की रु ४५००००।०० कट्ट गरी रु ९७४०००।०० दिनु पर्नेमा भौ नं २४।२०७९।३।२४ बाट रु १०५००००।०० दिइ रु ७६०००।०० बढी भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्ने रु	७६,०००
९४			**पेश्की बाकीको विबरणः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९४.१			**उपभोक्ता समिति तथा निर्माण व्यावसायी पेश्कीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (५) मा सार्वजनिक निकायले अन्तिम किस्ता भुक्तानी गर्न अगावै फर्छ्यौट गरि सक्नुपर्ने व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार सालवसाली प्रकृतिका निर्माण कार्यका लागि उपभोक्ता समित तथा निर्माण व्यवसवयीलाइ दिएको पेश्की आर्थिक बर्षको अन्तसम्म फर्छ्यौट भएको नपाइएकोले प्रचलित नियमानुसार व्याज समेत गणना गरी असुल फर्छ्यौट गर्नुपर्ने रु	५,७०४,६००

मिति	उपभोक्त समिति तथा फर्मको नाम	कामको विवरण	रकम रु
४०।२०७८।६।२३	खडिखोला लुवारवाडा सानेपानी उ स	खानेपानी	२२५०००।००
७७०।२०७९।२।१९	जिउली रागाकाटिया खानेपानी उ स	खानेपानी	९९००००।००
११।२०७८।१२।१३	गैर आवाशिय भवन निर्माण उ स	भवन निर्माण	३०००००।००
११।२०७८।६।२५	पिली देखि चियानीमेला सडक उ स	सडक निर्माण	१५०००००।००
४०।२०७८।९।८	बाँकाबान्ना देखि चतुवाबाडा सडक उ	सडक निर्माण	१८००००।००
५१।२०७८।९।२०	लुवारबाडा धाराखोला उ स	सडक निर्माण	१८००००।००
निर्माण व्यावसायी			
२५।२०७९।११।२	हाम्रो निर्माण सेवा	मोबिलाइजेशन	५४३०००।००
१०४।२०७८।११।८	पारस निर्माण सेवा	मोबिलाइजेशन	१०४९६००।००
१०५।२०७८।११।८	पारस निर्माण सेवा	मोबिलाइजेशन	७३७०००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९४.२			**पदाधिकारी तथा कर्मचारी पेश्कीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदयीत्व नियमावली २०७७ को नियम ४७ (४) मा काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफुले सम्पन्न गरेको काम सम्बन्धमा खर्च प्रमाणित गर्ने बिल भरपाइ कागजात सहित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार तपशिलका कर्मचारीलाइ पेश्की दिएकोमा आर्थिक बर्षको अन्तसम्म फर्छ्यौट भएको पाइएन । नियमावलीको व्यवस्था बमोजिम व्याज सहित गणना गरी पेश्की फर्छ्यौट हुनुपर्ने रु	२,०६५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	भौ नं मिति	कर्मचारीको नाम	पद	प्रयोजन	रकम रु		बेरुजु रकम
				७९८।२०७९।२।२६	गणेश बहादुर शाही	नगर उपप्रमुख	अनुगमन	२००००।००		
				३००।२०७८।९।२२	आदिचन्द्र चौलागाइ	वडा अध्यक्ष	महिला सम्मान	५००००।००		
				१२७।२०७८।८।२१	धन सिंह बिक	पूर्व वडा अध्यक्ष	अनगमन	१५००००।००		
				१६३।२०७८।८।२९	भिम प्रसाद पाण्डे	कम्प्युटर अपरेटर	जनतासँग नगरप्रमुख	५०००००।००		
				१९७।२०७८।९।२	एकराज रोकाया	कार्यालय सहायक	आरन व्यवस्थापन	५००००।००		
				४२६।२०७८।११।०६	भिम प्रसाद जैसी	कार्यालय सहयोगि	बिबिध	५०००।००		
				५५।२०७८।६।२४	वल बहादुर शाही	कर्मचारी	जनतासँग नगरप्रमुख	५१५०००।००		
				१०४।२०७८।७।१६	प्रबलजंग शाही	कर्मचारी	कर्मचारी बैठक भत्ता	१०००००।००		
				१५२।२०७८।८।२८	बिनोद खड्का	कर्मचारी	इन्धन	१५००००।००		
				३४९।२०७८।९।३०	भिम प्रसाद जैसी	कर्मचारी	मर्मत मसलन्द	२५०००।००		
				३५५।२०७८।१०।२	प्रवलजंग शाही	कर्मचारी	कर्मचारी बैठक भत्ता	१०००००।००		
				५७०।२०७८।१२।१३	बहादुरी बिश्वकर्मा	कर्मचारी	संस्कृति पर्यटन	४००००।००		
				७३२।२०७९।२।१६	गणेश बहादुर शाही	कर्मचारी	अनुगमन	२००००।००		
				८००।२०७९।२।२६	कबिन्द्र बहादुर शाही	कर्मचारी	अनुगमन	२००००।००		
				८००।२०७९।२।२६	प्रभानन्द आचार्य	कर्मचारी	अनुगमन	२००००।००		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th></th><th></th><th></th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>सिर्जना सिहं</td><td>व्यक्ति</td><td>आयआर्जन</td><td>३०००००।००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>२७६५०००।००</td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td colspan="6">खर्च पुष्टयाइ विना पेश्की फर्स्यौटः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार पेश्की फर्स्यौट गर्दा तोकिए बमोजिमका वील भरपाई तथा कागजातहरु संलग्न गरी कार्य समपन्न भएको १५ दिन भित्र कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यस आ.व मा निम्न पेश्की फर्छयौट गर्दा विल भरपाई तथा कागजात संलग्न नगरेको पाइयो । खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गरिनुपर्दछ ।
<table>
<tr><th>गो भै नं र मिति</th><th>पेश्की लिने व्यक्ति</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१०४।२०७८।७।१६</td><td>प्रवलजंग शाही</td><td>का स मुल्याङकन</td><td>१०००००।००</td></tr>
<tr><td>११९।२०७८।८।२०</td><td>अम्विका मल्ल</td><td>किशोरी क्षमता विकास कार्यक्रम</td><td>२५००००।००</td></tr>
<tr><td>१२२।२०७८।८।२०</td><td>गणेश बहादर रावल</td><td>बालबालिका सम्वन्धि कार्यक्रम</td><td>६०००००।००</td></tr>
</table></td><td>९५०,०००</td></tr>
<tr><td>९६</td><td></td><td></td><td colspan="6">अनुगमन र सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट आर्थिक वर्ष 207८।7९ मा सम्परीक्षणको लागि अनुरोध भै नआएकोले सम्परीक्षणको गरिएको छैन।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९७</td><td></td><td></td><td>अद्यावधिक बेरुजु
यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>बाँकी</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अद्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>४४६१९४५२</td><td>०</td><td>४४६१९४५२</td><td>१२२२७०१९८</td><td>०</td><td>१६६८८९६५०</td></tr>
</table>
</td><td></td></tr>
</table>